का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ फागुन २०८२
आइतबार
8 March 2026
Sunday
नेपाल संवत् ११४६
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २४, अंक ४५। पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# नयाँ संसद्‌मा युवाको वर्चस्व

मतपरिणाम सार्वजनिक भइसकेका र मतगणना जारी रहेका क्षेत्रमा युवा उम्मेदवारहरूको अग्रता छ। जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको निर्वाचनबाट प्रतिनिधिसभा सदस्यमा युवाको वर्चस्व हुने गरी चुनावी नतिजा आएको हो।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ फागुन

नयाँ संसद्‌मा युवाको वर्चस्व हुने भएको छ। गत बिहीबार सम्पन्न प्रतिनिधिसभाको निर्वाचनबाट अधिकांश युवा उमेरका उम्मेदवारहरू निर्वाचित भएका छन्।

एमालेका प्रभावशाली नेता इश्वर पोखरेल, नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेललाई रोक्दै काठमाडौं ५ बाट २९ वर्षीय सस्मित पोखरेल निर्वाचित भए। सस्मितले ३० हजार ७३७ मत ल्याएर चुनाव जितेका हुन्।

२८ वर्षका सुलभ खरेलले रुपन्देही २ बाट चुनाव जितेका छन्। पूर्व अर्थमन्त्री समेत रहेका एमालेका नेता विष्णु पौडेललाई हराउँदै खरेलले चुनाव जितेका हुन्। कांग्रेसका डा. शेखर कोइरालालाई हराउँदै रास्वपाकी ३१ वर्षीय रुविना आचार्य निर्वाचित भइन्।

पूर्वमन्त्री समेत रहेका एमालेका प्रदीप ज्ञवालीलाई हराउँदै रास्वपाका सागर ढकाल निर्वाचित भए। ३४ वर्षीय ढकालले २९ हजार ६४२

>>> पृष्ठ २ मा





# कदम प्रधानमन्त्रीतर्फ

“ चुनावभन्दा अगाडि नै पार्टीले बालेनलाई प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिरहेको छ। उहाँकै नेतृत्वमा नयाँ सरकार बन्नेछ।

■ **सोविता गौतम**
**सचिवालय सदस्य, रास्वपा**

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २३ फागुन

भावी प्रधानमन्त्रीका रुपमा प्रस्तुत गरिएका बालेन्द्र शाह (बालेन) झापा ५ बाट निर्वाचित भएका छन्। उनी संलग्न दलले पनि स्पष्ट एकल बहुमत पाउने गरी मत पाएको छ।

निर्वाचन आयोगका अनुसार फागुन २१ गतेको आम चुनावको नतिजा सम्पन्न भएपछि देश अब सरकार निर्माणको दोस्रो चरणमा प्रवेश गर्नेछ।

रास्वपाकी नेता सोविता गौतमका अनुसार बालेनको नेतृत्वमा नयाँ सरकार बन्नेछ।

चितवन-३ बाट चुनाव जितेपछि उनले बालेनको नेतृत्वमा नयाँ सरकार बन्ने बताएकी हुन्।

निर्वाचित भएको प्रमाणपत्र लिएपछि पत्रकारसँग कुराकानी गर्दै गौतमले भनिन्, ‘चुनावभन्दा अगाडि नै पार्टीले बालेनलाई प्रधानमन्त्रीको रूपमा प्रस्तुत गरिरहेको छ। उहाँकै नेतृत्वमा नयाँ सरकार बन्नेछ।’

काठमाडौं महानगरको मेयर छोडेर झापा ५ मा चुनाव लड्न गएका बालेन रास्वपाबाट भावी प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरिएका पात्र हुन्। जसलाई जनताले मतबाट अनुमोदन गरिदिएका छन्।

रास्वपाका पक्षमा नेपाली जनताले गरेको विश्वासलाई नतिजा दिनेगरी काममा रूपान्तरण गर्ने उनको प्रतिबद्धता छ। उनले भनेकी छन्, ‘जनताले अन्तिम आशाका रूपमा रास्वपालाई विश्वास गरेर मत दिनुभएको छ। यसलाई गम्भीरतापूर्वक लिएर अगाडि बढ्छौं।’

यसअघि बालेन शाहले काठमाडौं महानगरको प्रमुख थिए। महानगरको मेयर छोडेर झापा ५ मा चुनाव लड्न गए। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले उनलाई भावी प्रधानमन्त्रीको रुपमा प्रस्तुत गरेको थियो। जसलाई जनताले अनुमोदन गरिदिएका हुन्। संविधानः एकल बहुमत आएपछि सम्बन्धित दलको संसदीय दलको नेतालाई निर्वाचन परिणाम प्राप्त गरेपछि राष्ट्रपतिले प्रधानमन्त्रीमा नियुक्त गर्नेछन्। यसरी बालेन अब मुलुकको नेतृत्वमा पुग्नेतर्फ अग्रसर भएका हुन्।

३६ वर्षीय बालेन पेशाले इन्जिनियर हुन्। ४ वर्ष अगाडिसम्म त्यापरका रूपमा नयाँ पुस्ताबीच मात्र चर्चित

>>> पृष्ठ २ मा

## संसारभर छरिएका विज्ञ र सक्षम नेपालीलाई गरौं आह्वान !

■ **मदनकुमार श्रेष्ठ**/मध्यान्ह

*सन् १९६०-८० को दशकमा औद्योगिक विकास तीव्र बनाउँदा दक्षिण कोरियाले विदेशमा रहेका आफ्ना कोरियाली वैज्ञानिक र इन्जिनियरहरूलाई देश फर्कन आह्वान गरेको थियो। त्यतिबेला सरकारले अनुसन्धान संस्था र विश्वविद्यालयमा आकर्षक अवसर दिएर उनीहरूको ज्ञान र सीप प्रयोग गरेको थियो।*

*आर्थिक संकटपछि आयरल्याण्ले विदेशमा रहेका आयरिश नागरिकहरूलाई लगानी, स्टार्टअप र ज्ञान साझेदारीका लागि देशसँग जोड्ने नीति लिएको थियो। यसले आयरल्याण्डको प्रविधि, उद्योग र नवप्रवर्तन क्षेत्रमा ठूलो सहयोग पुऱ्यायो।*

*त्यति धेरै टाढा पनि जानु परेन, हाम्रा छिमेकी मुलुक भारत र चीनको पछिल्लो नेतृत्वले देश बाहिर रहेका आ-आफ्ना वैज्ञानिक, उद्यमी, प्रविधि विज्ञ र विद्यार्थीहरूलाई देश फर्केर उद्योग, प्रविधि र अनुसन्धानमा योगदान दिन अपिल गरेको थियो। भारतमा नरेन्द्र मोदी प्रधानमन्त्री बनेपछि उनले बिश्वभर रहेका भारतीय वैज्ञानिक, उद्यमी र प्रविधि विज्ञहरूलाई भारतमा लगानी गर्न र काम गर्न आग्रह गरेका थिए भने देङ सिआओ पिङको नेतृत्वमा चीनमा आर्थिक सुधार सुरू भएपछि उनले बिदेशमा रहेका चिनियाँ वैज्ञानिक, उद्यमी र विद्यार्थीहरूलाई देश फर्केर उद्योग, प्रविधि र अनुसन्धानमा योगदान दिन आह्वान गरेका थिए।*

*नेपालको पछिल्लो निर्वाचन परिणामसँगै देश नयाँ राजनीतिक चरणतर्फ अघि बढ्दैछ। मतदाताहरूले यसपटक दिएको जनादेशले परिवर्तनको चाहना स्पष्ट रूपमा व्यक्त गरेको छ। लामो समयदेखि राजनीतिक प्रक्रियाप्रति बढ्दै गएको निराशाबीच जनताले नयाँ नेतृत्वप्रति आशा र भरोसाका साथ अवसर दिएका छन्। अब बन्ने नयाँ सरकारले यही जनविश्वासलाई सम्मान गर्दै जिम्मेवार, पारदर्शी र परिणाममुखी शासनको पारदर्शी अभ्यास गर्नुपर्नेछ।*

*नयाँ नेतृत्वका लागि यो अवसर मात्र होइन, ठूलो परीक्षा पनि हो। कतिपय नेतृत्वमा शासकीय अनुभव सीमित हुन सक्छ, तर उत्साह, नयाँ सोच र जनअपेक्षाको बलले धेरै सकारात्मक कामहरू गर्न सकिन्छ। देशको विकास र सुशासनका लागि आवश्यक ज्ञान, सीप र अनुभवलाई व्यापक रूपमा उपयोग गर्नुपर्ने समय आएको छ। आवश्यक परेमा देशभित्रका मात्र होइन, विदेशमा रहेका नेपाली विज्ञ तथा विशेषज्ञहरूको अनुभवलाई*

>>> पृष्ठ २ मा

# हेभिवेटको सर्मनाक हार



निर्वाचनको समयमा नेपाली समाजमा नयाँ र पुराना दलको रुपमा उम्मेदवारहरूबारे चर्चा गरिएका थिए। जनताले पनि हेभिवेटको उपमा पाएका शीर्ष नेताहरूलाई मतादेशमार्फत रोकिदिए।

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

यसपटको चुनावमा हेभिवेट भनिएका अधिकांश नेताहरू पराजित हुन पुगेका छन्। केपी शर्मा ओली, माधव कुमार नेपाल, शेखर कोइराला, शंकर पोखरेल, प्रदीप पौडेल, उपेन्द्र यादव, सिके राउत लगायतका नेताहरूले चुनावी हार बेहोरेका हुन्।


२०४८ साल यताका हरेक चुनावमा उम्मेदवार रहेका एमालेका अध्यक्ष ओलीले राजनीतिक जीवनमा दोस्रोपटक हार बेहोरे। २०६४ सालमा पहिलो हार बेहरेका ओलीलाई यसपटक रास्वपाका वरिष्ठ नेता बालेन्द्र शाह (बालेन)ले हराइदिए।

**चार पटक मुलुकको नेतृत्व सम्हालिसकेका**

पूर्वप्रधानमन्त्री ओली आफ्नै गढ झापा निर्वाचन क्षेत्र नम्बर ५ मा

>>> पृष्ठ २ मा

# आत्मसमीक्षामा पुराना दलहरू



वैशाखमा महाधिवेशनले ठोस निर्णय गर्छ।
■ **विश्वप्रकाश शर्मा**
**उपसभापति, कांग्रेस**

जनताले खोजेको परिवर्तनबारे वस्तुनिष्ठ समीक्षा हुनेछ।
■ **प्रदीप ज्ञवाली**
**नेता, एमाले**

अब सत्तामा जानेहरुलाई अवस्था परिवर्तन गर्न दिऔं र हामी आत्मसमीक्षातर्फ लागौं।
■ **पम्फा भुषाल**
**नेता, नेकपा**

कारण र उपायबारे निर्मम समीक्षा हुनेछ।
■ **भुवन पाठक**
**नेता, राप्रपा**

**रूपेश आचार्य/मध्यान्न**
काठमाडौं, २३ फागुन

अत्यन्त प्रतिकुल निर्वाचन परिणाम आएपछि भदौ २३ अघि मुलुकको सत्ता सञ्चालन गरिरहेका राजनीतिक दलहरु गम्भिर आत्मसमीक्षा गर्ने तर्फ लागेका छन्।

प्रारम्भिक परिणाम, रुझान र समानुपातिक तर्फको मतले समेत मतदाताहरु पुराना दल प्रति अत्यन्त विकर्षित रहेको देखाएको छ। यसले दलहरुलाई गम्भिर आत्मसमिक्षा गर्न बाध्य पारेको नेताहरु बताउँछन्।

मध्यान्नसँग कुरा गर्दै नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्माले छिटै केन्द्रीय कार्यसमितिको बैठक बसेर चुनावी परिणाम बारे समीक्षा गर्ने र आगामी वैशाखमा हुने विशेष महाधिवेशनमा त्यसबारे निकर्षात्मक छलफल गरिने बताए।

अहिलेको चुनावी परिणामको संकेत २०७९ सालको स्थानीय चुनाव, त्यसपछिको आम निर्वाचनले नै गरिसकेको बताउँदै त्यसलाई चिन्न र बुझ्न नसक्दा दलहरुले यस्तो परिणाम भोग्नु परेको भनाइ उनको छ। त्यसलाई थप गति दिने काम भदौ २३ का घटनाले गरेको बताउँदै महामन्त्री शर्माले त्यसपछि पनि दलहरुले सम्हालिने समय गुमाएको बताए। पार्टी सभापति गगन थापा र आफूहरुले त्यसलाई सच्चाउने प्रयास गरेका पनि समय कम भएकाले चुनावमा त्यसले काम नगरेको भनाई पनि उनको थियो। नेकपा एमालेका नेता प्रदीप ज्ञवालीले

>>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## छिमेकमा आक्रमण नगर्ने इरानी प्रतिबद्धताले खाडी क्षेत्रमा राहत

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ फागुन

इरानको अन्तरिम सरकारका राष्ट्रपति मौसुद पेजेसहियनले इरानले आफ्ना छिमेकी देशहरूमा आक्रमण नगर्ने बताएपछि ठुलो संख्यामा नेपाली कामदार कार्यरत खाडी क्षेत्रमा राहत महसुस गरिएको छ।

इरानको राजधानी तेहरानमा शुक्रबार सम्पन्न अन्तरिम सरकार परिषद्‌को बैठकपश्चात् जारी वक्तव्यमा छिमेकी देशहरूबाट इरानमाथि आक्रमण सुरु भएन भने इरानले अब ती देशहरूमाथि आक्रमण नगर्ने उल्लेख गरिएको छ। एक भिडियो सन्देश जारी गर्दै राष्ट्रपति

>>> पृष्ठ २ मा

## कोरियाका नाममा ठगी धन्दा

काठमाडौं/मस- दक्षिण कोरियाको सियोलस्थित नेपाली दूतावासले उच्च शिक्षा अध्ययनका लागि दक्षिण कोरिया आउने प्रक्रियामा रहेका नेपाली विद्यार्थीहरूबाट नेपालस्थित शैक्षिक परामर्शदाताहरूले भिसा कोड फि वा कोड भिसा फिका नाममा ठुलो रकम ठगी गरिरहेको बताएको छ।

नेपाली दूतावासले विद्यार्थीहरूसँग ठुलो रकम माग गर्ने गरेको, भिसा कोडका नाममा माग गरिएको रकम नदिएमा कोरियाको भिसा नलगाइदिने र प्राप्त भएको भिसा समेत रद्द गराइदिने धम्कीसमेत दिने गरेको पाइएको बताएको छ।

एक विज्ञप्ति जारी गर्दै नेपाली दूतावासले गैरकानुनी रूपमा

>>> पृष्ठ २ मा

# रास्वपा मुलुकलाई समृद्ध, सुशासनयुक्त र भ्रष्टाचारमुक्त बनाउन आएको हो : उपसभापति अर्याल

**काठमाडौं/मस-** काठमाडौं प्रतिनिधि सभा सदस्य निर्वाचन क्षेत्र नम्बर ९ बाट विजयी राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का उपसभापति डोलप्रसाद (डीपी) अर्यालले अब पार्टीको प्रतिस्पर्धा कुशासन र भ्रष्टाचारीसँग हुने बताएका छन् ।

निर्वाचन कार्यालयबाट विजयको प्रमाणपत्र लिएपछि आज मतदातालाई सम्बोधन गर्दै उनले अब मुलुक समृद्धितर्फ अगाडि बढ्ने विश्वास व्यक्त गरे । ‘यो जित यस क्षेत्रका सबै मतदाताको हो । म सम्पूर्ण मतदाता र मेरा प्रतिस्पर्धी मित्रलाई धन्यवाद दिन चाहन्छु । हामी यो चुनावी यात्रामा सँगसँगै हिँड्यौं । उहाँहरू मेरा सहयात्री हुनुहुन्छ । मेरो प्रतिस्पर्धा भ्रष्टाचारीसँग मात्रै हुन्छ’, अर्यालले भने ।



उनले रास्वपा मुलुकलाई समृद्ध, सुशासनयुक्त र भ्रष्टाचारमुक्त बनाउन आएको पनि बताए । अर्यालले काठमाडौं क्षेत्र नम्बर ९ मा जनताले अनुभूति गर्ने गरी काम गर्ने प्रतिबद्धता जनाए ।

अर्याल ३५ हजार ९३ मत ल्याएर निर्वाचित भएका छन् । निकटतम प्रतिस्पर्धी नेपाली काँग्रेसकी नानुमैया बास्तोलाले पाँच हजार ४६० मत प्राप्त गरिन् ।

# रौतहट–१ मा रास्वपाको ऐतिहासिक जित

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ फागुन

प्रतिनिधिसभा निर्वाचन २०८२ अन्तर्गत रौतहट निर्वाचन क्षेत्र नं. १ मा राष्ट्रिय स्वतन्त्र पार्टीका उम्मेदवार राजेशकुमार चौधरी भारी मतान्तरले विजयी भएका छन् । निर्वाचन आयोगको पछिल्लो नतिजा अनुसार चौधरीले आफ्ना निकटतम प्रतिद्वन्द्वीलाई १८ हजारभन्दा बढीको फराकिलो अन्तरले पराजित गर्दै संसदको यात्रा तय गरेका हुन् ।

विजयी उम्मेदवार राजेशकुमार चौधरीले कुल २८ हजार ९४६ मत प्राप्त गरेका छन् । उनका निकटतम प्रतिस्पर्धी नेकपा (एमाले) का अजयकुमार गुप्ताले १० हजार ६९३ मत मात्र प्राप्त गरे । चौधरी र गुप्ताबीचको मतान्तर १८ हजार २५३ रहेको छ ।

**पूर्वप्रधानमन्त्री पाँचौं स्थानमा**



यस पटकको निर्वाचन परिणामले रौतहटको वर्षौं पुरानो राजनीतिक समीकरणलाई उथलपुथल पारिदिएको छ । सोही क्षेत्रबाट अघिल्लो निर्वाचन जितेका पूर्वप्रधानमन्त्री तथा नेकपा (एकीकृत समाजवादी) का नेता माधवकुमार नेपाल यसपटक चौथो स्थानमा खुम्चिएका छन् । उनले मात्र ७ हजार ६६९ मत प्राप्त गरे ।

त्यसैगरी, नेपाली काँग्रेसका अनिलकुमार झा ८ हजार ५७४ मतसहित तेस्रो स्थानमा रहे भने जनता समाजवादी पार्टीका योगेन्द्राय यादव ६ हजार ८४६ मतका साथ पाँचौं स्थानमा रहे ।

**राजेशकुमार चौधरी राष्ट्रिय स्वतन्त्र पार्टी २८ हजार ९४६ विजयी**

अजयकुमार गुप्ता नेकपा (एमाले) १० हजार ६९३ पराजित भएका छन् । अनिलकुमार झा नेपाली काँग्रेस ८ हजार ५७४ मत ल्याएका छन् भने माधवकुमार नेपाल नेकपा (एकीकृत समाजवादी) ७ हजार ६६९ मत ल्याएका छन् । योगेन्द्राय यादव जसपा, नेपाल ६ हजार ८४६,

**देवेन्द्र मिश्र जनमत पार्टी ८ सय ८१ मत ल्याए**

यस क्षेत्रमा स्वतन्त्र उम्मेदवारी दिएका अन्य २३ जना उम्मेदवारहरूले शून्य मत प्राप्त गरेका छन् । जनमत पार्टीका देवेन्द्र मिश्रले ८८१ र आम जनता पार्टीका त्रिभुवन साहले ३३८ मत प्राप्त गरेका छन् । राष्ट्रिय स्वतन्त्र पार्टीको यो जितलाई मधेस प्रदेशमा नयाँ शक्तिको उदयका रूपमा हेरिएको छ । निर्वाचन क्षेत्रमा आफ्नो जित सुनिश्चित भएपछि समर्थकसहित विजय जुलुस मनाउँदै चौधरीले मतदाताहरूलाई धन्यवाद दिएका छन् । उनले क्षेत्रको विकास र सुशासनका लागि आफू प्रतिबद्ध रहने बताएका छन् ।

# ढोरपाटनमा दादुरा फैलिएपछि विद्यालय बन्द

**बागलुङ/मस-** बागलुङको विकट गाउँ ढोरपाटनमा दादुरा सङ्क्रमण फैलिएपछि पालिकाभरका विद्यालय बन्द गरिएको छ । ढोरपाटन नगरपालिका ७, ८ र ९ वडाका बोबाङ, सेराबाङ र लाकुरीबोट गाउँमा दादुरा फैलिएको छ ।

यस क्षेत्रका ५० जनामा दादुरासँग मिल्दोजुल्दो लक्षण देखिनुका साथै २२ जनाको दुर्तिबाङ अस्पताल उपचार भइरहेको थप सतर्कता अपनाउनका लागि फागुन २७ गतेसम्म विद्यालय बन्द गरिएको ढोरपाटन नगरपालिकाका नगर शिक्षा अधिकारी पुष्पक दाहालले जानकारी दिए ।

दादुराको संक्रमण बढेकाले ढोरपाटन नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालय बन्द गर्ने निर्णय गरिएको हो ।



स्वास्थ्यकर्मीले संकलन गरेको पाँच वटा स्वाब परीक्षण गर्दा दादुरा सङ्क्रमण पुष्टि भएको दाहालले जानकारी दिए । उनका अनुसार ५० जना बालबालिकामा दादुरासँग मिल्दोजुल्दो लक्षण देखिएको छ ।

संक्रमण थप फैलिन नदिन नगरपालिकाले उच्च सतर्कता अपनाउन र दादुराको लक्षण देखिए अस्पताल आउन आग्रह गरेको छ । नगरपालिकाले अभिभावक तथा विद्यार्थीलाई स्वास्थ्य सतर्कता अपनाउन र संक्रमणबाट जोगिन आवश्यक सावधानी अपनाउन पनि आग्रह गरेको छ ।

# अटो दुर्घटना हुँदा चार जनाको मृत्यु, एक घाइते

**चितवन/मस-** चितवनको कालिका नगरपालिका–९ दब्दारस्थित भित्री सडकखण्डमा अटो दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ भने एक जना घाइते भएका छन् । जिल्ला प्रहरी कार्यालय चितवनका अनुसार उपरदानगढीबाट शक्तिखोरतर्फ आउँदै गरेको बागमती प्रदेश ०६–००१ ह ०३५१ नम्बरको अटो आज आफैं अनियन्त्रित भई नालामा पल्टिँदा दुर्घटना भएको हो ।



दुर्घटनामा अटो चालक राप्ती नगरपालिका–९ का ३९ वर्षीय पूर्ण विकसहित राप्ती नगरपालिका–८ की ५६ वर्षीया विष्णुकुमारी तामाङ, राप्ती नगरपालिका–९ की २२ वर्षीया चिनि तामाङ र सोही स्थानकी अन्दाजी ५६ वर्षीया तिलक तामाङको उपचारका क्रममा भरतपुरस्थित पुरानो मेडिकल कलेजमा शनिबार साँझ मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रविन्द्र खनालले जानकारी दिए ।

दुर्घटनामा परी घाइते राप्ती नगरपालिका–९ की ५३ वर्षीया चिनीकुमारी गुरुङको सोही अस्पतालमा उपचार भइरहेको छ ।

# जापानमा सज्जनराज वैद्य लाइभ कन्सर्टको भव्य तयारी

**पूर्ण चलाउने/मध्यान्ह**
टोकियो, २३ फागुन

जापानको टोकियोमा सज्जनराज वैद्य लाइभ कन्सर्टको आयोजना गरिएको छ । उक्त कन्सर्टका लागि वैद्यसहितका १५ जना कलाकारहरू शनिबार टोकियो आइपुगेका छन् ।

कलाकारहरूलाई आयोजक समितिका तर्फबाट संयोजक विरेन्द्र शाही लगायतका आयोजक टिमले हानेदा एअरपोर्टमा स्वागत गरेका थिए ।

कन्सर्टको सबै तयारी पुरा भएको पनि आयोजक समितिले जनाएको छ ।

कन्सर्ट यहि १० तारिख मंगलबार टोकियो स्थित योयोगी नेशनल स्टेडियममा हुँदै छ । कन्सर्टमा ब्याण्डले आफ्नो प्रस्तुती मार्फत जापानका दर्शकहरूलाई भुमाउने छ ।

तन्नेरी पुस्ताका अत्यधिक रुचाइएका सज्जनको कार्यक्रम



जापानमा पहिलोचोटी हुन लागेको हो । जापानका नेपाली दर्शकका माफ नयाँ शैलीका साँगीतिक उभारले मंगलबार टोकियो गुञ्जायमान हुने आयोजकको दाबी छ ।

कन्सर्टमा करिब ४ हजार दर्शक आउने अपेक्षा गरिएको कन्सर्टका संयोजक शाहीले बताए । उक्त कन्सर्ट टोकियो बाहिर नागोया फुकुओका र ओसाकामा पनि आयोजना गरिने बताइएको छ ।

जिएमटी इन्टरनेशनल क. लि. को मुल ब्यानरमा हुन लागेको सो कन्सर्टमा येहे रेमिट्यान्स ईभेन्ट पार्टनर रहेको छ भने रिलायबल लाईफ इन्स्युरेन्सको मुख्य प्रायोजन रहेको छ । समुद्रपारी डट कम मिडिया पार्टनर रहेको सो कन्सर्टको प्रोमोशन पार्टनरमा डिसी क्रियशन रहेको छ भने डिएनएस कम्पनी हस्पिटालिटी पार्टनरमा रहेको छ ।

# रौतहट कारागारबाट फरार कैदी ७ महिनापछि पक्राउ

**रौतहट/मस-** रौतहट कारागारबाट फरार रहेका एक कैदीलाई सशस्त्र प्रहरीको टोलीले सात महिनापछि पुनः नियन्त्रणमा लिएको छ । लागूऔषध मुद्दामा कैद भुक्तान गरिरहेका यमुनामाई गाउँपालिका वडा नं. ४ सरुवाट बस्ने ४० वर्षीय राम नरेश साह पक्राउ परेका हुन् । गएको भदौ २४ गते देशभर चर्किएको जेनजी आन्दोलनको समयमा सिर्जना भएको अस्थिरताको फाइदा उठाउँदै साह जिल्ला कारागार गौरबाट फरार भएका थिए । लागूऔषध सम्बन्धी कसुरमा जेल सजाय काटिरहेका उनी फरार भएपछि सुरक्षा निकायले



उनको खोजी कार्यलाई तीव्रता दिएको थियो ।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण हेडक्वार्टर रौतहटलाई प्राप्त विशेष सूचनाको आधारमा शुक्रबार साँझ उनको लोकेशन पत्ता लागेको थियो । सशस्त्र प्रहरीको गस्ती टोलीले गौर नगरपालिका वडा नं. ९ स्थित सिर्सिया गाउँमा लुकिछिपी बसिरहेको अवस्थामा उनलाई साँझ अन्दाजी ७:४५ बजे नियन्त्रणमा लिएको हो ।

पक्राउ परेका साहलाई आवश्यक कानुनी प्रक्रिया र बाँकी कैद भुक्तानको कारबाहीका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा बुझाइएको सशस्त्र प्रहरीले जनाए । सुरक्षा सतर्कता र विशेष सुराकीको परिचालनका कारण फरार कैदीलाई नियन्त्रणमा लिन सफलता मिलेको हो । कानुन हातमा लिएर फरार हुने जोकोहीलाई पनि सुरक्षा निकायले ढिलोचाँडो कानुनी दायरामा ल्याउने छ, सुरक्षा स्रोतले बताए ।

**नयाँ...**

मत पाउँदा ज्ञवालीले १५ हजार १८१ मत पाए । ३० वर्षीय सोविता गौतम चितवन ३ बाट निर्वाचित भएकी छन् । उनी विघटित प्रतिनिधिसभामा पनि थिइन् ।

यसअघि काठमाडौं–२ बाट जितेकी गौतमले यसपटक चितवन ३ बाट चुनाव जितेकी हुन् ।

२०५२ सालमा दोलखाको तामाकोशी गाउँपालिका जामुनेमा जन्मिएकी गौतमले कानुनमा स्नातक गरेकी छन् । अधिवक्ता गौतमसँग टेलिभिजन कार्यक्रम निर्माता, प्रस्तोता भएर काम गरेको अनुभव छ ।

नवलपुर २ बाट निर्वाचित मनीष खनाल २६ वर्षका भए । ४१ हजार ३४७ मत ल्याएर उनी निर्वाचित भएका हुन् । ३९ वर्षीय रहबर अन्सारीले पनि चुनाव जिते । अन्सारीले बारा ४ बाट चुनाव जितेका हुन् ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनलाई हराउँदै झापा ३ बाट रास्वपाका ३७ वर्षीय प्रकाश पाठक निर्वाचित भएका छन् । पाठकले ३८ हजार ६७४ मत ल्याएर विजयी हुँदा राप्रपा अध्यक्ष लिङ्देन १७ हजार २९४ मतमै समेटिए ।

अर्घाखाँची १ बाट ३७ वर्षीय हरिप्रसाद भुसाल निर्वाचित भए । उनले ३५ हजार २३ मत प्राप्त गरे । मुस्ताङ १ बाट काँग्रेसका योगेश गौचन थकालीले चुनाव जिते । थकाली ३२ वर्षका भए । जाजरकोट १ बाट चुनाव जितेका खड्कबहादुर बुढा ४० वर्षका भए । २० हजार १४२ मत पाएर उनी निर्वाचित भए ।

जुम्ला १ बाट राप्रपाका ज्ञानेन्द्र शाहीले चुनाव जिते । उनी १४ हजार ८१६ मत ल्याएर विजयी भएका हुन् । उनी विघटित प्रतिनिधिसभामा पनि थिए ।

गत चुनावमा विजय भइसकेपछि उनले कर्णालीका स्थानीयसँगको सम्बन्ध अझ बलियो बनाउने प्रयास गरिराखे । संसदमा आफूलाई देखिने र सुनिने गरी प्रस्तुत गरे । कर्णालीका समस्या उठाए । कर्णालीको स्याउलाई काठमाडौंमा ब्रान्डिङ गर्ने प्रयास गरे । यसलाई जनताले समर्थन गरे र फेरि जिताएर पठाएका छन् ।

मतपरिणाम सार्वजनिक भइसकेका र मतगणना जारी रहेका क्षेत्रमा युवा उम्मेदवार हरूको अग्रता रहेको छ । जेनजी आन्दोलनको पृष्ठभूमिमा भएको निर्वाचनबाट प्रतिनिधिसभा सदस्यमा युवाको वर्चस्व हुने गरी चुनावी नतिजा आएको हो ।

**कदम...**

रहेका उनी काठमाडौं महानगरको मेयर हुँदै प्रधानमन्त्री भएर मुलुक हाँक्नेतर्फ उन्मुख भएका हुन् ।

२०७९ सालमा सम्पन्न स्थानीय निर्वाचनमा स्वतन्त्र उम्मेदवारका रूपमा काठमाडौंको मेयरमा उम्मेदवारी दिँदा चर्चित भएका थिए ।

मेयरमा विजयी भएसँगै बालेनले भर्चुअल संसारमा आफ्नो परिचय भूगोलतिर व्यापक बनाउन सफल भए ।

काठमाडौंको गौरीगाउँमा जन्मिएका शाह आयुर्वेदिक चिकित्सक डा. राम नारायण शाह र ध्रुवदेवी शाहका छोरा हुन् । ह्वाइट हाउस इन्स्टिच्युट अफ टेक्नोलोजीबाट सिभिल इन्जिनियरिङमा स्नातक र भारतको कर्नाटक विश्वेश्वरैया राष्ट्रिय प्राविधिक संस्थानबाट स्ट्रक्चरल इन्जिनियरिङमा स्नातकोत्तर गरेका छन् ।

**संसारभर...**

पनि राष्ट्र निर्माणमा उपयोग गर्न सकिन्छ । विश्वका विभिन्न मुलुकमा नेपालीहरू महत्वपूर्ण जिम्मेवारीमा रहेर काम गरिरहेका छन् । उनीहरूले आर्जन गरेको ज्ञान, प्रविधि र व्यवस्थापन अनुभवलाई नेपालको विकासमा प्रयोग गर्ने वातावरण सिर्जना गर्नु आजको आवश्यकता हो । त्यसका लागि राज्यले पनि विश्वासिलो नीति, स्पष्ट योजना र सहकार्यको ढोका खोल्नुपर्छ । विदेशमा रहेका नेपाली विज्ञहरूलाई मातृभूमिको विकास यात्रामा सहभागी हुन आह्वान गर्नु अहिलेको आवश्यकता हुन सक्छ ।

सर्वप्रथम नेतृत्वले आम जनतामा आशा र भरोसाको संचार गर्नु आवश्यक छ । मानिसहरूमा निराशा र वितृष्णा बढ्दो छ । निराशा र वितृष्णा राष्ट्रको उन्नति र प्रगतिका बाधक हुन् । नयाँ नेतृत्वले यस्ता व्यवधानहरूलाई उखेलेर फाल्नु पर्ने चुनौती छ ।

अन्ततः, राष्ट्र निर्माणको यात्रा केवल सरकार वा राजनीतिक नेतृत्वको मात्र जिम्मेवारी होइन, यो सम्पूर्ण समाजको साझा दायित्व हो । आशा, भरोसा र सकारात्मक सोचका साथ सबै पक्षले सहकार्य गरेमा नेपालको सम्भावना उज्यालो बन्न सक्छ । सम्यक् हामीलाई पर्खने छैन । हामी यसैत ढिला भैसकेका छौं । यसका लागि नेतृत्वसंग संभवतः थकाइ मार्ने छुट नहुन सक्छ । निराशा होइन, विश्वास र सहकार्यको बाटोबाट नै राष्ट्रले स्थायी प्रगति हासिल गर्न सक्नेछ ।

**हेभिवेटको...**

४९ हजार ६१४ मतको फराकिलो मतान्तरले पराजित भएका हुन् । मतपरिणाम विवरण अनुसार बालेन शाहले ६८ हजार ३४८ मत ल्याउँदा एमाले अध्यक्ष ओलीले १८ हजार ७३४ मत मात्रै पाए ।

२०७४ मा २८ हजार र २०७९ मा २८ हजारकै मतान्तरले जितेका ओलीले यसपटक ४९ हजार ६१४ मतान्तरले पराजित भएका हुन् ।

अर्का पूर्वप्रधानमन्त्री माधव कुमार नेपाल पनि पराजित भए ।

उनी रौतहट–१ मा उम्मेदवार थिए । तर, यहाँ राष्ट्रिय स्वतन्त्र पार्टीका राजेशकुमार चौधरी विजयी भए । यहाँ नेकपा एमालेका अजयकुमार गुप्ता दोस्रो हुँदा नेकपाका सहसंयोजक माधवकुमार नेपाल चौथो स्थानमा सीमित भए ।

चौधरीले २८ हजार ९४६ मत प्राप्त गर्दै जित निकालेका हुन् । एमालेका उम्मेदवार अजयकुमार गुप्ता १८ हजार २५३ मतान्तरले पराजित भए । गुप्ताले १० हजार ६९३ मत प्राप्त गरेका छन् ।

यस क्षेत्रमा नेपाली काँग्रेसका उम्मेदवार अनिलकुमार झाले ८ हजार ५७४ मत ल्याएका छन् । नेकपाबाट उम्मेदवार माधवकुमार नेपालले ७ हजार ६६९ मत प्राप्त गरेका छन् । उनी यस क्षेत्रबाट निरन्तर विजयी हुँदै आएका थिए ।

शेखर कोइराला, शंकर पोखरेल, प्रदीप पौडेल, उपेन्द्र यादव, सिके राउत लगायतका नेताहरूले चुनावी हार बेहोरेका हुन् ।

नेपाली कांग्रेसका नेता शेखर कोइराला मोरङ ६ मा पराजित भए ।

उनले यस क्षेत्रबाट विजयी भएकी रास्वपाकी उम्मेदवार रुबिना आचार्यलाई बधाई पनि दिएका छन् ।

आचार्य ५५ हजार ५१३ मतसहित विजयी भएकी हुन् । उनका निकटतम प्रतिस्पर्धी डा. कोइरालाले १२ हजार ८५० मत प्राप्त गरेका छन् । एमालेका ढकालले ८ हजार ३१७ मत प्राप्त गरेका छन् । श्रम संस्कृति पार्टीका मात्रिका पौडेलले भने ३ हजार ४ सय मत प्राप्त गरे ।

मोरङ–६ मा स्थापित दलका हेभिवेट नेता क्षेत्रमा रुबिनाको उदयले डाक्टर शेखर कोइरालाको राजनीतिक भविष्यलाई चुनौतिपूर्ण बनाएको छ ।

शंकर पोखरेल र प्रदीप पौडेलले पनि चुनाव हारे । काठमाडौं क्षेत्र नं ५ बाट प्रतिनिधिसभा सदस्यमा रास्वपाका उम्मेदवार सस्मित पोखरेल निर्वाचित भए । उनी ३० हजार सात सय ३७ मत प्राप्त गरी विजयी भए ।

नवनिर्वाचित सांसद पोखरेलका प्रतिस्पर्धी नेपाली कांग्रेसका प्रदीप पौडेलले ९ हजार एक सय ५९ मत प्राप्त गरे । निर्वाचन अधिकृतको कार्यालयका अनुसार निर्वाचनमा एमालेका ईश्वर पोखरेलले चार हजार सात सय एक मत प्राप्त गरे ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका कमल थापाले एक हजार सात सय २९ मत पाए ।

राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनले पनि चुनाव हारे ।

झापा–३ बाट राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष लिङ्देनलाई हराउँदै रास्वपाका प्रकाश पाठक निर्वाचित भएका छन् । पाठकले ३८ हजार ६७४ मत ल्याउँदा निकटतम प्रतिस्पर्धी लिङ्देनले १७ हजार २९४ मत मात्रै ल्याउन सके । पाठकले लिङ्देनलाई २१ हजार ३८० मतले पराजित गरेका हुन् ।

भीमबहादुर रावलले पनि चुनाव हारे । यसपटक अछाम–१ मा पराजित भएका हुन् ।

उनी ५ सय २६ मतको अन्तरमा कांग्रेसका भरतबहादुर स्वाँरसँग हारे । स्वारले १० हजार ७ सय ५९ मत ल्याउँदा रावलले १० हजार २ सय ३३ मत ल्याए ।

**आत्मसमीक्षामा...**

चुनावको परिणाम र पार्टीको प्रस्तुतीबारे वस्तुनिष्ठ समीक्षा गरिने बताउँदै परिवर्तनको पक्षमा चलेको लहरले यस्तो परिणाम ल्याएको बताए ।

अब जनताले परिवर्तन के के कुरामा गरिन्छ, रास्वपाले चाहेको नीतगत परिवर्तन हो वा शैलीगत परिवर्तन भन्ने कुरा नियाल्ने भनाई उनको थियो । ‘रास्वपाले जन अपेक्षा अनुरुप र राष्ट्रिय स्वाभिमान रक्षा गर्दै सरकार चलाओस् भन्ने चाहान्छौं । हामी भने गम्भिर आत्मसमिक्षा गर्दै अघि बढ्ने छौं’, ज्ञवालीको भनाई थियो ।

नेपाली कम्युष्टि पार्टीकी नेतृ पम्फा भुसाल परिणामका लागि अरु तिर औंला तेर्स्याउनु भन्दा आफैं तिर फर्किएर हेर्नु पर्ने अवस्था आएको बताउँछिन् । ‘हामीले व्यवस्था परिवर्तन गर्‍यौं, अब सत्तामा जानेहरुलाई अवस्था परिवर्तन गर्न दिऔं र हामी आत्म समीक्षातर्फ लाऔं’, उनले भनिन् ।

राप्रपा नेता भुवन पाठकले जनताको आक्रोश राप्रपातर्फ नभए पनि ठूला दलप्रतिको आक्रोशको घानमा परेको बताए । यद्यपी आफ्नो पार्टी समेत अप्रत्यासित धक्का खाएकोले यसको कारण र समाधानका उपायबारे निर्मम समीक्षा गरिने बताए ।

**छिमेकमा...**

मौसुदले छिमेकी राष्ट्रसँग माफीसमेत मागेका छन् । उनको भिडियो सन्देश जारी भएको केही मिनेटमै कतारको आकाशमा विस्फोटको आवाज सुनिएको बताइएको छ । जसलाई कतिपयले खाडी क्षेत्रका देशहरूमा आक्रमण अझै जारी रहेको संकेत गरेको टिप्पणी गरेका छन् ।

सरकारी टेलिभिजनमा सम्बोधन गर्दै राष्ट्रपति पेजेस्कियानले इरानले प्रतिरोध गर्ने भन्दै ‘इरानी जनतालाई घुँडा टेकाउने दुश्मनको इच्छा पूरा नहुने’ बताएका छन् ।

**कोरियाका...**

३ हजार अमेरिकी डलर असुल्ने गरेको भनी पीडित विद्यार्थी तथा अभिभावकहरूबाट दूतावासमा गुनासोहरू प्राप्त हुने क्रम बढेको बताएको छ । निरन्तर गुनासो आएपछि दक्षिण कोरियाको सम्बन्धित निकायसँग बुझ्दा अन्तर्राष्ट्रिय विद्यार्थीहरूलाई डि–२ वा डि–४ भिसाबापत आधिकारिक रूपमा ६० अमेरिकी डलरमात्र भिसा शुल्क लाग्ने गरेको र भिसा कोड प्राप्त गर्नका लागि कुनै पनि अतिरिक्त शुल्क नलाग्ने जानकारी प्राप्त भएको दूतावासले बताएको छ ।

अध्ययनका लागि दक्षिण कोरिया जाने विद्यार्थीहरूसँग भिसा कोड वा कोड भिसा वा अन्य कुनै पनि सेवा शुल्कका नाममा अतिरिक्त रकम नअसुल्न र नेपाली विद्यार्थीहरूलाई गैरकानुनी रूपमा धाक धम्की नदिन दूतावासले शैक्षिक परामर्शदाताहरूलाई अनुरोध गरेको छ ।

अध्ययनका लागि दक्षिण कोरिया जान चाहने नेपाली विद्यार्थीहरूलाई समेत आफूले अध्ययन गर्न चाहेको विश्वविद्यालय वा कलेजको अवस्था, अध्ययन गर्ने कोर्स, अध्ययन शुल्क, अध्ययन, अध्यापनको माध्यम भाषालगायतका विषयहरू आफैंले राम्रोसँग अध्ययन गरेर र बुझेर मात्र प्रक्रिया सुरुवात गर्न आग्रह गरेको छ ।

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com





प्रतिनिधिसभा सदस्य निर्वाचनका क्रममा ताप्लेजुङको सदरमुकाम फुङ्लिङमा मतगणनास्थलको सुरक्षार्थ खटिएका निर्वाचन प्रहरी ।

तस्बिर : दिलकुमार लिम्बू/रासस

# राष्ट्रिय महिला आयोगले मनायो २४औं स्थापना दिवस

**काठमाडौं/मस-** राष्ट्रिय महिला आयोगले २४औं स्थापना दिवस मनाएको छ । शनिबार यहाँ आयोगको स्थापना दिवस एवं ११६औं अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८)को शुभकामना आदानप्रदान कार्यक्रममा आयोजना गरियो ।

कार्यक्रममा राष्ट्रिय मानवअधिकार आयोगका अध्यक्ष तपबहादुर मगरले महिलाको हक, अधिकार संरक्षणका लागि महिला आयोगले महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताए । उनले समाजमा विद्यमान रुढीवादी धारणा अझै रहेको र यस्ता विभेद हटाउँदै जानुपर्ने बताए ।

आयोगकी अध्यक्षा कमला पराजुलीले स्थापना कालदेखि नै महिलाको हक, हितको संरक्षण र सम्बर्धन तथा महिला सशक्तीकरणका लागि आवश्यक सूचना, जानकारी एवं चेतनामूलक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्दै आएको र यसलाई थप सशक्त बनाएर जाने प्रतिबद्धता व्यक्त गरिन् ।

आयोगका सचिव शंकर हरि आचार्यले लैङ्गिक समानता प्रबर्द्धन, महिला सशक्तीकरण र हिंसा निवारणको क्षेत्रमा स्थापना कालदेखि नै आयोग क्रियाशील




रहेको बताए ।

उनले आयोगले लैङ्गिक हिंसापीडित एवं प्रभावितलाई उद्धार, राहत, निःशुल्क कानुनी सहायता, कानुनी परामर्श, पुनःस्थापना तथा क्षतिपूर्तिसहितको न्यायका लागि विशेष पहल गर्दै आएको बताए ।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयकी सचिव राधिका अर्यालले मन्त्रालयले अयोगको निर्णय र काममा सदैव सहयोग रहने बताइन् । उनले केन्द्रमा मात्र सीमित आयोग प्रदेशस्तरसम्म पुग्न सके यसका कामका दायरा अझै फराकिलो हुने भएकाले यस विषयमा सोच्नुपर्ने बेला आएको बताइन् ।

२०५८ फागुन २३ गते स्थापित आयोगले स्थापना दिवसको अवसरमा नेपालका प्रथम महिलाको विवरणसहितको वेबपोर्टल सार्वजनिक गरेको छ, जसमा शिक्षा, स्वास्थ्य, निजामति, सञ्चार, कला, साहित्य, वातावरण, पर्वतारोहण, हवाई, व्यवसाय, उद्यमशीलता गरी विविधि १८ विधामा विशिष्ट योगदान गरेका महिलाको प्रेरणादायी कथा समेटिएको छ ।

महिला आयोगले विगत आठ वर्षदेखि '११४५ हेल्पलाइन' सेवा सञ्चालन गर्दै आएको छ । कार्यक्रममा २०८२ श्रावणदेखि माघ महिनासम्मका घटना विवरणबारे जानकारी दिइएको थियो । उक्त अवधिमा उजुरी तथा मुद्दा संख्यात्मक रूपमा घरेलु हिंसाका मुद्दा २ सय ३४, महिलाका हकअधिकार हननका पाँच, ठाडो उजुरीका निवेदन ८९ वटा रहेका छन् ।

# युएईमाथिको आक्रमणप्रति नेपालको निन्दा

**काठमाडौं/मस-** प्रधानमन्त्री सुशीला कार्कीले शनिबार अपराह्न संयुक्त अरब इमिरेट्स (युएई) का राष्ट्रपति हिज हाइनेस शेख मोहमद बिन जायद अल नाह्यानसँग टेलिफोन संवाद गरेकी छिन् ।

संवादका क्रममा प्रधानमन्त्री कार्कीले युएईको सार्वभौम क्षेत्रमा नागरिक पूर्वाधारलाई लक्षित गरी गरिएका आक्रमणहरूको निन्दा गर्दै यस विषम परिस्थितिमा संयुक्त अरब इमिरेट्सलाई नेपालका तर्फबाट ऐक्यबद्धता व्यक्त गरिन् । उनले यस परिस्थितिमा सम्बन्धित सबै पक्षहरूलाई अधिकतम संयम अपनाउन, तनावलाई थप नबढाउन र नागरिकहरूको सुरक्षा सुनिश्चित गर्न आग्रह गरिन् ।

युद्ध कहिल्यै शान्तिको विकल्प हुन नसक्ने उल्लेख गर्दै प्रधानमन्त्री कार्कीले कूटनीति र संवादको माध्यमबाट मात्र दिगो शान्ति सम्भव हुने बताएकी र परिस्थिति सकेसम्म चाँडो सामान्य अवस्थामा फर्कने अपेक्षा व्यक्त गरेकी उनको सचिवालयले जनाएको छ ।

प्रधानमन्त्री कार्कीले सार्वजनिक सुरक्षा सुनिश्चित गरेकामा र त्यहाँ काम गर्ने तथा बसोबास गर्ने नेपाली नागरिकसहित सबै बासिन्दा, आगन्तुक र ट्रान्जिटमा रहेका मानिसको समान रूपमा हेरचाह गरेकामा युएई सरकारप्रति हार्दिक आभार व्यक्त गरे । १ मार्च



२०२६ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्युटीको क्रममा एक नेपाली नागरिकले आफ्नो अमूल्य जीवन गुमाएको थाहा पाउँदा आफूलाई धेरै दुःख लागेको उनले बताएका थिए । साथै ५ मार्च २०२६ मा अबुधाबीको आइसिएडी क्षेत्रमा २ जना नेपाली घाइते भएको जानकारी पाउँदा चिन्ता लागेको प्रधानमन्त्री कार्कीले बताए ।

त्यस अवसरमा प्रधानमन्त्री कार्कीले शान्ति र विकासलाई प्रवर्धन गर्न क्षेत्रीय तथा वैश्विक कूटनीतिक प्रयासमा गरेको निरन्तर योगदानप्रति युएईका राष्ट्रपतिको कुशल नेतृत्वको उच्च प्रशंसा गरिन् ।

आगामी वर्षहरूमा आर्थिक साझेदारी र जनता-जनताबीचको सम्बन्धलाई थप बलियो बनाउँदै हाम्रो द्विपक्षीय सम्बन्ध थप विस्तारित र सुदृढ हुँदै जाने विश्वास पनि उनले व्यक्त गरिन् ।

प्रधानमन्त्री कार्कीले महामहिम राष्ट्रपति, युएई सरकार र युएई जनतालाई यस क्षेत्रमा दिगो शान्ति सुनिश्चित गर्न सफलता मिलोस् भनी नेपालको तर्फबाट शुभकामना व्यक्त गरिन् । उनले पवित्र रमजानको अवसरमा शान्ति, न्याय र सद्भावको लागि समेत हार्दिक शुभकामना व्यक्त गरिन् ।

टेलिफोन संवादका क्रममा उनले हालको तनावको अवस्था लामो समयसम्म नरहने र अन्ततः नयाँ कूटनीतिको लागि ठाउँ उपलब्ध गराउने विश्वास व्यक्त गर्दै नेपाल वर्तमान तनावको प्रत्यक्ष पक्ष नभए पनि यसको परिणाम भोगिरहेको बताइन् । प्रधानमन्त्री कार्कीले तत्कालका लागि नेपाली नागरिकहरूको सुरक्षा चिन्ता र दीर्घकालीन रूपमा बढ्दो इन्धनको मूल्य, लगानी प्रवाहमा संकुचन र बढ्दो मुद्रास्फीतिसहित व्यापक आर्थिक दबाबहरूको सामना गरिरहनुपरेको बताइन् । ट्रान्जिटमा रहेका यात्रुहरू बिस्तारै नेपाल वा तेस्रो देशहरूमा आ-आफ्ना गन्तव्यहरूमा सुरक्षित रूपमा प्रस्थान गर्न सक्ने कुरामा पनि उनले विश्वास व्यक्त गरिन् ।

युएईका राष्ट्रपतिले यस विषम परिस्थितिमा नेपालले एक असल मित्रराष्ट्रको रूपमा प्रस्तुत गरेको ऐक्यबद्धता र सहानुभूतिप्रति युएईको तर्फबाट प्रधानमन्त्री कार्कीलाई धन्यवाद व्यक्त गरेका प्रधानमन्त्री कार्कीको सचिवालयले जनाएको छ ।

युएईका राष्ट्रपति एक जना नेपालीले ड्युटीमा रहेका बखत २०२६ मार्च १ मा जायद अन्तरराष्ट्रिय विमानस्थलमा भएको घटनामा परी ज्यान गुमाउनु परेकामा गहिरो दुःख व्यक्त गर्दै समवेदना प्रकट गरे । उनले नेपाल र युएईबीच कायम रही आएको सुमधुर र मित्रवत् सम्बन्धप्रति सन्तुष्टि व्यक्त गर्दै नेपालीको मेहनती बानी र असल आचरणको प्रशंसा गरे । यसका साथै संवादका क्रममा युएईका राष्ट्रपतिले दुवै मुलुकका राजदूतहरूले नेपाली नागरिकको सुरक्षा तथा हित संरक्षणका लागि सक्दो प्रयास गरिरहेको बताए ।

साथै नेपालीको सुरक्षाको प्रत्याभूतिका लागि सबै किसिमको पहल गर्न आफू तत्पर रहेको उनले विश्वास दिलाए ।

# इरान आक्रमणमा ज्यान गुमाएका श्रेष्ठको शव नेपाल ल्याइयो




**गोरखा/मस-** संयुक्त अरब इमिरेट्सको अबुधाबीमा इरानको आक्रमणमा परी ज्यान गुमाएका गोरखाको भीमसेन थापा गाउँपालिका-७ बोर्लाङ ठाँटीका दिवस श्रेष्ठको शव नेपाल ल्याएर अन्येष्टी गरिएको छ । नेपाली दूतावास अबुधाबीको पहलमा एयर अरेबियाको उडानमार्फत श्रेष्ठको शव नेपाल ल्याइएको हो ।

मृतकको शव पशुपति आर्यघाटमा शनिबारनै अत्येष्टी गरिएको भीमसेन थापा-७ का वडाध्यक्ष नारायण श्रेष्ठले जानकारी दिए । २९ वर्षीय श्रेष्ठको अबुधाबीस्थित जायद अन्तरराष्ट्रिय विमानस्थलमा ड्रोन निष्क्रिय पार्ने क्रममा भएको घटनामा परी गएको आइतबार निधन भएको थियो ।

अबुधाबीमा रहेको मिडिल इष्ट कम्पनीमा सुरक्षागार्डका रूपमा कार्यरत श्रेष्ठ तीनवर्ष अघि वैदेशिक रोजगारीको सिलसिलामा त्यहाँ गएका थिए । गत असोजमा नेपाल आएर उनी पुनःदुबई फर्किएका थिए । मृतक श्रेष्ठको बुवा, आमा र एक बहिनी छन् ।

# 'अब कांग्रेस नियमित महाधिवेशनमा जुट्छ, सरकारलाई राम्रो काममा सघाउँछौं'

**काठमाडौं/मस-** नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा ले निर्वाचनको पराजयबाट निराश नभई पार्टी अब गम्भीर समीक्षासहित नियमित महाधिवेशनको प्रक्रियामा प्रवेश गर्ने बताएका छन् ।

उनले छिट्टै केन्द्रीय कार्यसमितिको बैठक बसेर पराजयको बुँदा-बुँदामा समीक्षा गरिने जानकारी दिए ।

कांग्रेसका समर्थक, शुभेच्छुक र सदस्यहरूलाई संयमता र परिपक्वताका साथ एकतामा बाँधिन उनले आग्रह गरे । विगतमा मुलुकले व्यहोरेका अनेकौं प्रतिकूलतालाई चिर्न सफल कांग्रेसले आफ्नै प्रतिकूलतालाई पनि सजिलै चिर्ने विश्वास व्यक्त गरे ।

उनले भने,'एकआपसलाई आरोप लगाइराखेर भन्दा पनि एक्यवद्ध र वस्तुगत भएर समीक्षा गरेर आगामी दिनको यात्रा तय गर्नुछ । केन्द्रिय समितिमा रहेका, नरहेका, निवर्तमान नेतृत्व र अलग नेतृत्व सबैसँग सल्लाह र समीक्षा गर्नेछौं । नेपाली कांग्रेस पार्टीले यो प्रतिकूलतालाई चिन्नेछ, एकतावद्ध भएर सामना गर्नेछ र नयाँ सम्भावनाको विकास गर्नेछ । अब बन्ने सरकारले गर्ने राम्रा काममा साथ दिनेछ, कमजोरीहरूमा खबरदारी गर्नेछ र नेपाली कांग्रेस पार्टी नवीन ढंगले अगाडि आउनेछ ।'

शर्माले आगामी दिनमा कांग्रेसले रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्ने स्पष्ट पारे । कांग्रेस अब आराम नगर्ने बरु संगठन रूपान्तरण गर्दै नवीन सम्भावनाको खोजीमा लाग्ने प्रतिबद्धता पनि उनले व्यक्त गरे ।

उपसभापति शर्माका अनुसार 'जेन-जी' पुस्ताले खोजेको समग्र परिवर्तनको चाहनालाई कांग्रेसले सम्बोधन गर्न र बुझाउन नसक्दा निर्वाचनमा पराजय भोग्नुपरेको हो । नयाँ पुस्ताले सरकार, दल, नेतृत्व, प्रशासन र समाजमै एकमुष्ट परिवर्तन चाहेको तर कांग्रेसले आफूभित्र गरेको परिवर्तन उनीहरूलाई बुझाउन नसकेको उनले स्वीकार गरे ।

उनका अनुसार जेन-जी पुस्तालाई सबै परिवर्तन एकैपटक सम्भव हुँदैन र यसको सुरुवात काँग्रेसले गरिसकेको छ भन्ने कुरा मतदातामाझ स्पष्ट पार्न पार्टी चुकेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टी ले देशमा निराशा मात्रै छ र आफूहरू आएपछि सबै कुरा गर्न सकिन्छ भन्ने लोकरिझ्याँइको भाष्य स्थापित गर्न खोज्दा त्यसलाई चिर्न नसक्नु काँग्रेसको अर्को कमजोरी भएको उनको भनाइ छ ।

शर्माले भने,'संसारमा दुई वटा कुरा एकदमै निश्चित हुन्छ, मृत्यु र परिवर्तन ।



मान्छे परिवर्तन रोजिरहन चाहन्छ । यो पटक निर्वाचनमा जाँदै गर्दा जेन-जी मुभमेण्टले चाहे पछाडि को-कोमा र के-केमा परिवर्तन भयो भन्ने कुरा मतदाता समक्ष स्थापित गर्न सकिएन । निराशा मात्रै छ र हामी आयौं भने सबै कुरा गर्न सक्छौं भनेर स्थापित गर्न खोजिएको जुन भाष्य साथीहरूले गर्नुभयो, त्यसलाई चिर्न सकिएन । नेपाली काँग्रेस पार्टी रूपान्तरित भएको छ र नयाँ अनुहारहरू थुप्रै लिएर गएको छ भन्ने स्थापित गर्न सकिएन ।'

देशमा केही राम्रा कामहरू पनि भइरहेका छन् भन्ने यथार्थलाई स्थापित गर्न नसक्दा नयाँ दलहरूले त्यसको फाइदा उठाएको उनको दाबी छ ।

शर्माले २०७९ सालको निर्वाचनले नै मूलधारका दलहरूलाई 'खतराको साइरन' बजाइसकेको भए पनि त्यसलाई बुझ्न र आफूलाई बदल्न नसक्दा अहिलेको परिणाम भोग्नुपरेको बताए । शनिबार न्युज एजेन्सी नेपालसँग कुराकानी गर्दै उनले फागुन २१ को निर्वाचन परिणामलाई मात्रै हेरेर समीक्षा गर्दा अधुरो हुने बताए ।

उनका अनुसार २०७९ सालको स्थानीय तह निर्वाचनमा धरान, धनगढी र काठमाडौं महानगरपालिका मा स्वतन्त्र उम्मेदवारहरू विजयी हुँदा मतदाताले 'नेतृत्व बदल, सरकार बदल, शैली बदल' भन्ने स्पष्ट सन्देश दिएका थिए । तर दलहरूले आफूलाई रूपान्तरण गर्न नसक्दा नागरिकको असन्तुष्टि बढ्दै गएको र त्यसैको परिणामस्वरूप नयाँ दलहरूको उदय भएको उनले विश्लेषण गरे ।

स्थानीय निर्वाचनलगत्तै स्थापना भएको राष्ट्रिय स्वतन्त्र पार्टी ले छोटो समयमै प्रत्यक्षतर्फ ७ र समग्रमा २१-२२ सिट जितेर संसदमा प्रवेश गर्नु सोही असन्तुष्टिको परिणाम भएको उनको भनाइ छ ।

यसैबीच उपसभापति शर्माले फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा निर्वाचनमा पार्टीले भोगेको पराजयको जिम्मेवारी आफूले लिन तयार रहेको बताए । निर्वाचन परिणामले राष्ट्रिय स्वतन्त्र पार्टी लाई मुलुकको नेतृत्व गर्नेगरी जनमत दिएको स्वीकार गर्दै काँग्रेसलगायत मूलधारका दलहरूप्रति जनताको विश्वास किन घट्दै गयो भन्ने विषयमा गम्भीर समीक्षा हुने उहाँले बताए ।

तत्कालीन महामन्त्री तथा हालको नेतृत्वको रूपमा पार्टीलाई रूपान्तरण गर्न नसकेको कमजोरी आफूले स्वीकार गर्ने उनले स्पष्ट पारे । लोकतन्त्रलाई बलियो बनाउन मतदान गर्ने सम्पूर्ण मतदातालाई काँग्रेसको तर्फबाट धन्यवाद व्यक्त गर्दै शर्माले विशेष महाधिवेशनमार्फत पार्टीलाई रूपान्तरण गर्ने प्रयास गरिएको भए पनि त्यसका लागि पर्याप्त समय नपाएको गुनासो गरे ।

विशेष महाधिवेशन सकिएको करिब ५० दिनमै निर्वाचनमा जानुपरेको उल्लेख गर्दै उनले कांग्रेसको अवस्थालाई 'इन्जुरी टाइम' मा मैदानमा उत्रिएको खेलाडी र भर्खरै अस्पतालबाट डिस्चार्ज भएर रेस्लिङ खेल्न पठाइएको बिरामीसँग तुलना गरे ।

उनले भने, 'नेपाली कांग्रेस पार्टीको नेतृत्वमा रहेको नाताले अहिलेको पराजयको जिम्मेवारीको भाग मेरो जिम्मेवारीमा पनि पर्छ । त्यसको मात्रात्मक रूपमा हामी भोग्छौं नै । यसको सम्पूर्ण दोष बोक्नैपर्छ भने म बोक्न तयार छु, हामी बोक्न तयार छौं ।'

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



## सम्पादकीय

# प्रगतितर्फ महिला

आज हरेक वर्ष मार्च ८, अर्थात्, अन्तराष्ट्रिय नारी दिवस। यस अवसरमा महिलाले हासिल गरेका उपलब्धिहरूको सम्मान गर्ने र उनीहरूले अझै भोगिरहेका चुनौतीहरूको समीक्षा गर्ने अवसरका रूपमा नारी दिवसलाई लिइन्छ । नेपालको सन्दर्भमा नारी दिवसको विशेष अर्थ छ, किनकि नेपालमा महिलाले एकातिर उल्लेखनीय प्रगति हासिल गरेको देउखाउने उदाहरण छन् भने अर्कोतिर अझै धेरै क्षेत्रमा महिलाले असमानता र समस्यासँग जुधिरहेका छन् । बोली र व्यवहारमा फरकपन छ । संविधान र कानुनमा रहेका व्यवस्थाको मर्म अनुसार व्यवहार हुन सकेका छैनन् । पछिल्लो उदाहरण हो– प्रतिनिधिसभा सदस्यका लागि प्रत्यक्षतर्फ १६५ सिटका लागि ३ हजार ४०६ उम्मेदवार थिए । त्यसमध्ये महिला जम्म ३८८ जना थिए । यो राजनीतिक दलहरूको बोली र व्यवहारको अमिल्दो उदाहरण हो ।

नेपालमा महिलाको सन्दर्भमा केही नभएको भने होइन । हाल मुलुकको प्रधानमन्त्रीमा महिला नै छन् । राष्ट्रपति, प्रधानन्यायाधीश, सभामुख जस्ता पदमा महिला पुगिसकेका छन् । पछिल्ला दशकहरूमा नेपाली महिलाले राजनीतिक क्षेत्रमा गरेको प्रगति हो यो । प्रशासन, न्यायपालिका र सामाजिक नेतृत्वका क्षेत्रमा पनि महिलाले उल्लेखनीय उपलब्धि हासिल गरेका छन् । नेपाली महिलाहरूले नेतृत्व र क्षमता प्रदर्शन गर्न सक्षम छन् भन्ने प्रमाणित गरेका छन् । तर उच्च पदमा पुगेका केही उदाहरणले मात्र समग्र नेपाली महिलाको अवस्था पूर्ण रूपमा प्रतिबिम्बित गर्दैन । ग्रामीण भेगका धेरै महिलाहरू अझै पनि शिक्षा, स्वास्थ्य, रोजगारी र निर्णय प्रक्रियामा समान पहुँचबाट वञ्चित छन् । बालविवाह, घरेलु हिंसा, लैङ्गिक विभेद र छाउपडीजस्ता परम्परागत कुप्रथाहरू अझै कतिपय स्थानमा विद्यमान छन् । यस्ता समस्याले महिलाको आत्मविश्वास, स्वास्थ्य र सामाजिक सहभागितामा नकारात्मक असर पारिरहेको छ । आर्थिक क्षेत्रमा पनि महिलाको योगदान उल्लेखनीय भए पनि उनीहरूको श्रमको उचित मूल्यांकन प्रायः हुँदैन । कृषि, घरायसी काम र अनौपचारिक क्षेत्रमा महिलाले ठूलो योगदान दिएका छन्, तर नीति निर्माण र आर्थिक निर्णय प्रक्रियामा उनीहरूको सहभागिता अझै सीमित छ । यसले महिलाको सशक्तीकरणलाई पूर्ण रूपमा साकार हुनबाट रोकिरहेको छ ।

यसकारण नारी दिवस केवल औपचारिक कार्यक्रम वा शुभकामना आदान–प्रदानमा सीमित रहनु हुँदैन । यो दिनले समाजलाई लैंगिक समानताको दिशा तर्फ अझ दृढतापूर्वक अघि बढ्न प्रेरित गर्नुपर्छ । महिलालाई शिक्षा, रोजगारी, स्वास्थ्य सेवा र नेतृत्वका अवसरमा समान पहुँच सुनिश्चित गर्नुपर्छ । परिवार, समाज र राज्य सबैले महिलाको सम्मान र अधिकारको संरक्षणमा जिम्मेवारीपूर्वक भूमिका निर्वाह गर्नुपर्छ । समग्रमा नेपाली महिलाको यात्रा उपलब्धि र चुनौतीको मिश्रित अवस्थामा छ । केही महिलाले उच्च शिखर चुमिसके पनि धेरै महिलाको जीवन अझै संघर्षपूर्ण छ । त्यसैले नारी दिवसले एउटा स्पष्ट सन्देश दिन्छ– समाजको वास्तविक प्रगति तब मात्र सम्भव हुन्छ जब महिलाले पनि पुरूषसरह समान अवसर, सम्मान र अधिकार प्राप्त गर्छन् ।

# नारी दिवस र अधिकारको सवाल

*हाम्रो भूमि वैदिक सभ्यताको भूमि हो । 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' - यो मनुस्मृतिको भनाइ हो । भनौँ, नारीको जहाँ सम्मान हुन्छ त्यहाँ देवताहरू पनि प्रसन्न हुन्छन् ।*

**अग्रलेख**



● अच्युतप्रसाद पौडेल 'चिन्तन'



मार्च ८ अन्तर्राष्ट्रिय नारी दिवस, वर्षैपिच्छे विभिन्न नाराका साथ यो दिवस मनाइने गरिन्छ । हाम्रा वेद, पुराणहरूले नारी अधिकार पहिलो भनेका छन् भने प्रार्थना गर्दा पहिले 'त्वमेव माता' भनी शुरु गरिन्छ । संविधानले नारी पहुँच कमसेकम ३३ प्रतिशत भनेको छ । पछिल्लो समय धेरै राजनीतिक उच्च ओहदामा नारीहरू पुगेका छन् । संविधानमा लेखिए पनि जसले अहिलेको संविधान बनाए तिनैले राजनीतिक पद उम्मेदवारीमा भने कन्जुस्याइँ गरेको देखिन्छ ।

विगत २०७४ को स्थानीय तहको निर्वाचनमा महिला प्रतिनिधित्व ४०.७५ प्रतिशत रह्यो । ०७९ वैशाख ३० मा सम्पन्न ७५३ स्थानीय तहमा कूल निर्वाचित पद ३५ हजार २५१ थियो । यसमा कूल उम्मेदवारको संख्या १ लाख ४५ हजार १३ जना मध्ये पुरुष उम्मेदवार ८९ हजार ३१४ भनौँ ६१.५९ प्रतिशत र महिला उम्मेदवार ५५ हजार ६९९ भनौँ ३८.४१ प्रतिशत देखियो । यसमा कूल निर्वाचित पुरुष २० हजार ६३१ भनौँ ५९ प्रतिशत र महिला निर्वाचित संख्या १४ हजार ४६६ भनौँ ४१ प्रतिशत रह्यो । ०७९ मंसिरमा सम्पन्न प्रतिनिधिसभामा पहिलो निर्वाचन प्रणालीतर्फ कुल २ हजार ४११ उम्मेदवारमा पुरुष संख्या २ हजार १८६ भनौँ ९०.६७ प्रतिशत र महिला उम्मेदवार २२५ जना भनौँ ९.३३ प्रतिशत मात्र रह्यो । समानुपातिकतर्फ महिला १ हजार १८७ र पुरुषतर्फ १ हजार १२ गरी २ हजार १९९ जनाको अन्तिम बन्द सूची कायम रह्यो भने प्रदेश सभातर्फ पहिलो हुने निर्वाचन प्रणालीमा कूल ३ हजार २२४ जना उम्मेदवार हुँदा पुरुष उम्मेदवार २ हजार ९४३ भनौँ ९१.२८ प्रतिशत र महिला उम्मेदवार २८१ भनौँ ८.७२ प्रतिशत देखियो । सोही सभाको समानुपातिकतर्फ महिला १ हजार ५११ र पुरुषतर्फ २ हजार १९७ गरी कूल ३ हजार ७०८ जनाको उम्मेदवारी अन्तिम सूची कायम रहेको देखियो । समग्रमा प्रतिनिधि सभामा पुरुष १८४ जना अर्थात् ६६.९० प्रतिशत र महिला २०० जना भनौँ ३३.३६ प्रतिशत विजयी भए ।

राजनीतिमा महिला कम छैनन् अहिले, संसारभरिमा महिला प्रतिनिधित्व हामीकहाँ अग्रणी स्थानमा छ, तर पछिल्लो आम चुनावमा दलहरूले चुनावमा न्यूनतम कोटा पनि दिन सकेनन्, कति समानुपातिकतिरबाट तान्नु परेको देखियो । प्रजातन्त्रको जननी देश बेलायत, अमेरिका, विकसित देश अष्ट्रेलिया, स्वीट्जरल्यान्ड, जर्मनी, क्यानडा, नेदरल्यान्डकै तुलना गर्दा पनि नेपालका नारीहरूले जनप्रतिनिधित्वका दृष्टिले अग्रणी स्थान ओगटेका हुन् । विश्वका १९२ देशको पछिल्लो तथ्याङ्क अनुसार महिलाको प्रतिनिधित्वकै हिसाबले नेपाल ३७ औँ स्थानमा छ ।

ठूला दलहरूले विभिन्न मुद्दा उठाए तर ०८२ फागुन २१ को आम निर्वाचनमा ६५ राजनीतिक दल र ८ स्वतन्त्र गरी ३ हजार ४०६ जनाको प्रत्यक्ष उम्मेदवारी रहँदा जम्मा २३२ जना भनौँ ६.८१ प्रतिशत मात्रै दलित समुदायबाट परे । प्रचलित संविधान ल्याउने प्रमुख दलहरूले नै संविधानको मर्म विपरीत उम्मेदवारी दिएको देखियो । प्रमुख दलहरूले दलितलाई १/१ स्थानमा मात्र उठाए । खस-आर्य समुदायको उम्मेदवारी ३८.७६ प्रतिशत रह्यो अर्थात् १ हजार ३२० जना । आदिवासी जनजातिबाट ८१३ जनाको उम्मेदवारी रह्यो अर्थात् २३.८७ प्रतिशत मात्र । मधेसी समुदायबाट ६.८१ प्रतिशत अर्थात् ७७८ जना, थारू समुदायबाट ४.१४ प्रतिशत अर्थात् १४१ जना र महिलाहरूबाट जम्मा ३८८ जना अर्थात् ११.३९ प्रतिशत मात्रै रह्यो । जसले विषयपिच्छे ठूलै जनआवाज उठाएको थियो, तिनै दलहरूबाट सम्बन्धित वर्गको प्रतिनिधित्वमा कन्जुस्याइँ गरेको देखियो । समग्रमा जम्मा २३२ जना मात्रै दलितबाट मैदानमा उतारिएको पाइयो । ठूलो दल नेपाली कांग्रेसबाट १ जना, एमालेबाट २, नेपाली कम्युनिष्ट पार्टीबाट ३, रास्वपाबाट २, जसपाबाट ७, राप्रपाबाट २, राष्ट्रिय जनमोर्चाबाट ३, नेकपा माओवादीबाट २०, नेमकिपाबाट ५, श्रम शक्ति पार्टीबाट ८, प्रलोपा बाट ३, उज्यालो नेपालबाट ४, नाउपाबाट १ र जनमुक्ति पार्टीबाट १ जना मात्रै उम्मेदवारी देखा पर्यो ।

देशमा पुरुषभन्दा महिलाको संख्या धेरै छ, जनगणनाले ५१ प्रतिशत भनेको छ । मतदाताहरू पनि महिला धेरै छन् तर यतिका वर्षपछि पनि लोकतन्त्रमा पितृसत्तात्मक सोच कायमै देखियो । यसपालिको उम्मेदवारीमा महिलाको प्रतिनिधित्व केवल ३८८ जनाको मात्रै रह्यो, त्यसमा पनि स्वतन्त्रबाट उठेका १५७ जना समेत गरेर । संविधानको धारा ८४ अनुसारको क्षतिपूर्ति उनीहरूले समानुपातिकबाट गर्ने प्रयत्न गरेका छन् । कांग्रेसले ११ जना भनौँ ६.६६ प्रतिशत, एमालेले १० जना भनौँ ६.०६ प्रतिशत, नेकपाले ११ जना भनौँ ६.६६ प्रतिशत, रास्वपाले १७ जना सबैभन्दा बढी १०.३० प्रतिशत महिला उम्मेदवारी दियो ।

कांग्रेसले गण्डकी, सुदूरपश्चिम प्रदेशमा महिला उम्मेदवारी नै दिएन, एमालेले बागमती, कर्णाली र सुदूरपश्चिममा दिएन, नेकपाले कर्णालीमा दिएन, राप्रपाले सुदूरपश्चिममा दिएन, रास्वपाले ७ प्रदेशमा महिला उम्मेदवारी दियो । यतिका वर्ष ठूला दलले देश

> *देशमा पुरूषभन्दा महिलाको संख्या धेरै छ, जनगणनाले ५१ प्रतिशत भनेको छ । मतदाताहरू पनि महिला धेरै छन् तर यतिका वर्षपछि पनि लोकतन्त्रमा पितृसत्तात्मक सोच कायमै देखियो ।*

चलाए, महिलाको उम्मेदवारीमा इच्छाशक्ति देखाएनन् । कानुन नै यस्तो बनाइदिए कि आफैंले खेल्न सक्ने दुईतिरबाट प्रत्यक्ष नसके समानुपातिकबाट तान्न पाउने गरी, जित्ने क्षेत्रमा उम्मेदवारी पुरुषलाई दिने र नजित्नेतिर महिला देखाइदिने प्रथा रह्यो । पुराना र नयाँ दल मिलाएर बनेको नेकपाले पनि टालाटुली बटुलेर १८ दल मिलाएर एक बनायो दल, तर महिला उम्मेदवारीमा कन्जुस्याइँ नै गरेको देखियो । प्रचण्ड पुत्रीले मेयर छोडेर चितवनमा उम्मेदवारी दिइन्, बुहारी बिना मगर कञ्चनपुरतिर उम्मेदवारी दिन गइन्, चर्चित आशिका तामाङले उम्मेदवारी दिए जस्तो मात्रै गरिन्, रन्जु दर्शना काठमाडौं-१ मै परिन् ।

हाम्रो भूमि वैदिक सभ्यताको भूमि हो । 'यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता' – यो मनुस्मृतिको भनाइ हो । भनौँ, नारीको जहाँ सम्मान हुन्छ त्यहाँ देवताहरू पनि प्रसन्न हुन्छन् । हाम्रो मान्यता जहाँ नारीको प्रतिष्ठा, पूजा भनौँ सम्मान हुन्छ, त्यहाँ स्वर्गीय देवताहरू पनि खुशी रहन्छन् भन्ने हो । 'न अरि नारी !' अर्थात् जसले कसैप्रति वैरभाव, शत्रुता गर्दैन र जसको कोही शत्रु हुँदैन उसको नाम नारी हो । पहिलेको भनाइ थियो नारीहरूले कुनै तिकडम गर्दैनन्, जान्दैनन् र त पुरुष दिवस मनाउने परम्परा अहिलेसम्म कतै छैन ।

## इतिहासमा आज


८ मार्च १९८५ मा लेबनानको बेरुतमा इस्लामिक धर्मगुरु सय्यद मोहम्मद हुसेन फदल्लाहमाथि गरिएको असफल हत्या प्रयासमा ८० जनाको मृत्यु र २०० जना घाइते भएका थिए ।



८ मार्च १९९४ मा इन्दिरा गान्धी अन्तर्राष्ट्रिय विमानस्थलमा भएको दुर्घटनामा ९ जनाको मृत्यु भएको थियो ।



८ मार्च २०१४ मा उड्डयनको सबैभन्दा ठूलो रहस्य मध्ये एक, मलेसिया एयरलाइन्सको उडान ३७० कुल २३९ जनालाई बोकेर क्वालालम्पुरबाट बेइजिङ जाँदै गर्दा बेपत्ता भयो । जुन अझैसम्म पत्ता लागेको छैन ।



८ मार्च २०२१ मा मेक्सिकोमा अन्तर्राष्ट्रिय महिला दिवसको जुलुस हिंसात्मक बन्दा मेक्सिको सिटीमा मात्र ६२ प्रहरी अधिकारी र १९ नागरिक घाइते भएका थिए ।



# जनताले खोजेको बाटो

**विचार**



● खगेन्द्र पौडेल

> *लोकतन्त्र केवल शासन प्रणाली होइन; यो नागरिकको गरिमा सुरक्षित गर्ने सामाजिक सम्झौता हो । जब नागरिकले आफूलाई समान अधिकार भएको व्यक्ति भनेर अनुभव गर्छ, तब लोकतन्त्र जीवित हुन्छ ।*

नेपालको लोकतान्त्रिक यात्राले तीन दशक पार गरिसकेको छ । यो अवधिमा देशले गहिरा राजनीतिक रूपान्तरणहरू अनुभव गर्‍यो । संविधान फेरियो, शासन प्रणाली बदलियो, राजतन्त्र अन्त्य भयो, संघीय व्यवस्था स्थापना भयो र धेरै पटक निर्वाचन सम्पन्न भए । बाह्य रूपमा हेर्दा नेपालले लोकतान्त्रिक रूपान्तरणको लामो दूरी पार गरेको देखिन्छ । तर यस सबै परिवर्तनको बिचमा एउटा प्रश्न निरन्तर उठिरहन्छ- किन नेपाली नागरिक अझै सन्तुष्ट देखिँदैनन ? किन समाजमा राजनीतिक अविश्वास, मानसिक थकान र स्थायी असन्तोषको अनुभूति रहिरहेकै छ ?

यो प्रश्नलाई केवल आर्थिक तथ्यांकले उत्तर दिन सक्दैन । सडक, पुल, जलविद्युत् आयोजना र सञ्चार पूर्वाधारमा प्रगति भएको छ । मोबाइल र इन्टरनेटले समाजलाई अभूतपूर्व रूपमा जोडेको छ । तर विकासका यी संकेतहरूले नागरिकको आत्मसम्मान र समानताको अनुभूति सुनिश्चित गर्न सकेका छैनन् । धेरै नागरिकको अनुभव एउटै छ- राज्यबाट सेवा पाउन, अवसर प्राप्त गर्न वा समस्या समाधान गर्न कानुनी अधिकारभन्दा पहिले सम्बन्ध र पहुँच आवश्यक पर्छ । यही अनुभूति लोकतन्त्रको गहिरो नैतिक संकट हो । यस संकटको जरा नेपालमा विकसित भएको एउटा विशिष्ट राजनीतिक संस्कृतिमा देखिन्छ ।

आज सामन्तवाद दरबारमा होइन, दलका संरचनामा देखा परेको छ । भूमिको स्वामित्वको ठाउँ संस्थागत प्रभावले लिएको छ । मालिकको ठाउँ पार्टी नेटवर्कले लिएको छ । कृपाको ठाउँ सिफारिस र पहुँचले लिएको छ । यही रूपान्तरण नै दलीय सामन्तवाद हो । आज दलीय सामन्तवाद कुनै घोषणापत्रमा लेखिएको विचारधारा होइन । यो व्यवहारमा विकसित भएको राजनीतिक संस्कृति हो । कुनै पनि दलले आफूलाई सामन्तवादी भनेर घोषणा गर्दैन । तर जब दलगत निष्ठा कानुनभन्दा माथि उभिन्छ, जब संस्थागत प्रक्रियाभन्दा अनौपचारिक नेटवर्क प्रभावशाली हुन्छ, तब लोकतान्त्रिक संरचना भित्रै सामन्तीय सम्बन्ध पुनः स्थापित हुन्छ ।

यसको सबैभन्दा गम्भीर प्रभाव नागरिकको समानताको अनुभूतिमा देखिन्छ । लोकतन्त्रको मूल दर्शन नागरिक सर्वोच्चता हो । राज्यको शक्ति नागरिकबाट उत्पन्न हुन्छ र संस्थाहरू त्यस शक्तिको वैधानिक माध्यम हुन्छन् । तर जब निर्णय प्रक्रियामा औपचारिक संयन्त्रभन्दा दलगत सञ्जाल बलियो हुन्छ, तब नागरिकले आफूलाई समान अधिकार भएको व्यक्ति होइन, वर्गीकृत सदस्यका रूपमा अनुभव गर्न थाल्छ ।

यसले समाजमा एउटा मौन सन्देश फैलाउँछ- मेहनतभन्दा सम्बन्ध शक्तिशाली छ । यस्तो सन्देश कुनै पनि समाजका लागि अत्यन्त घातक हुन्छ । योग्य व्यक्तिहरू निराश हुन्छन्, प्रतिभाशाली युवा विदेशतर्फ आकर्षित हुन्छन्, र इमानदार कर्मचारीहरू प्रणालीभित्रै हतोत्साहित हुन्छन् । अन्ततः संस्थागत ऊर्जा कमजोर बन्छ ।

यसको प्रभाव अर्थतन्त्रमा पनि पर्छ । निजी क्षेत्रले लगानी गर्न स्पष्ट नीति, स्थिरता र कानुनी सुरक्षा खोज्छ । तर यदि वातावरण पहुँच-निर्भर वा दबाब-आधारित देखियो भने उद्यमशीलता कमजोर हुन्छ । आर्थिक वृद्धि केही हदसम्म सम्भव भए पनि दीर्घकालीन विश्वास निर्माण हुन सक्दैन । नागरिकले महसुस गर्न थाल्छ-समृद्धि साझा अवसरको परिणाम होइन, संरचनागत पहुँचको परिणाम हो ।

यसरी लोकतन्त्रको औपचारिक संरचना कायम रहन्छ, तर व्यवहारमा अनौपचारिक शक्ति सम्बन्ध प्रभावशाली बन्छन् । निर्वाचन हुन्छ, सरकार बदलिन्छ, तर निर्णय प्रक्रियाको अन्तिम केन्द्र सधैँ संस्थागत नहुन सक्छ । धेरै नागरिकको अनुभवमा विवाद समाधानको वास्तविक ठेगाना अदालत होइन, कुनै प्रभावशाली व्यक्तिको कार्यालय हुन सक्छ । यही अवस्थाले लोकतन्त्रलाई संरचनात्मक रूपमा आधुनिक तर व्यवहारमा सामन्तीय बनाइदिन्छ ।

दार्शनिक दृष्टिले हेर्दा, राज्य तब वैध हुन्छ जब नागरिकले समान व्यवहारको अनुभव गर्छ । समानता केवल संविधानको धारामा लेखिएको शब्द होइन; त्यो दैनिक जीवनमा अनुभूत हुने व्यवहार हो । यदि नागरिकले राज्यसँगको सम्बन्धमा समानता अनुभव गर्न सकेन भने संविधान कागजी दस्तावेजजस्तै लाग्न थाल्छ ।

त्यसैले तीन दशकको अनुभवले एउटा महत्वपूर्ण पाठ दिएको छ- सत्ता परिवर्तन मात्र पर्याप्त हुँदैन । यदि राजनीतिक संस्कार र संस्थागत नैतिकता परिवर्तन भएन भने, नयाँ सरकारहरू पनि पुरानै शैलीमा सञ्चालन हुन सक्छन् । सामन्तीय मानसिकता सत्तासँगै रूप बदल्दै जान्छ । नेपालको आजको प्रमुख चुनौती यही हो, राज्यलाई वास्तविक अर्थमा सार्वजनिक बनाउने कि निजी सञ्जालहरूको विस्तारमा सीमित राख्ने ?

समाधान क्रान्तिकारी नारामा होइन, संस्थागत नैतिकतामा छ । कानुन सर्वोपरि हुनुपर्छ । नियुक्ति प्रक्रिया पारदर्शी हुनुपर्छ । प्रशासनिक र पेसागत स्वायत्तता सुरक्षित हुनुपर्छ । सबैभन्दा महत्वपूर्ण कुरा, राजनीतिक दलहरूले आफ्ना आन्तरिक संरचनालाई लोकतान्त्रिक बनाउनुपर्छ । जब दलभित्र लोकतन्त्र बलियो हुन्छ, तब राज्यभित्र पनि संस्थागत संस्कृति बलियो बन्न सक्छ ।

अन्ततः लोकतन्त्र केवल शासन प्रणाली होइन; यो नागरिकको गरिमा सुरक्षित गर्ने सामाजिक सम्झौता हो । जब नागरिकले आफूलाई समान अधिकार भएको व्यक्ति भनेर अनुभव गर्छ, तब लोकतन्त्र जीवित हुन्छ । तर यदि नागरिकले आफूलाई पहुँच-निर्भर सदस्यका रूपमा अनुभव गर्न थाल्यो भने लोकतन्त्रको आत्मा कमजोर हुन्छ ।

## सामाजिक सञ्जाल




**गोकुल बास्कोटा**

निर्वाचनपछिको समीक्षाको खास काम हुँदैन । तर, भोली के भन्ने ? प्रश्नको जवाफ खोज्न मद्दत भने गर्छ । मेरो विचारमा निर्वाचन पूर्वको समग्र तयारी मूल हो । निर्वाचन टोटल वार हो, व्यक्तिगत हारजित सामान्य हुन । एमालेले त्यो गुमायो । जितको भारीले जित्नेलाई नथिचोस्, हार्नेले होस नगुमाउन सबैको भलो होस ।



**सुजन पण्डित**

कुलमान मनपर्ने मान्छे होइनन्, तर उनको पेशागत दक्षतामा प्रश्न छैन । त्यस्ता अब्बल मान्छेको सट्टामा भुईं मान्छेलाई लछार-पछार पार्नुमा आफ्नो बहादुरी देख्ने सामान्य नगर प्रहरी रोजाइमा पर्नु टिठ लाग्ने विषय होइन ? विवेक होइन भिडले निर्देशित हुने नेपालीको आइक्यु यस्तै निर्णयले उजागर गर्छ ।



**रञ्जित तामाङ**

रास्वपाको संघीय सरकार बन्छ, दुई मत भएन । तर परराष्ट्र नीति कस्तो बन्छ, चासोको विषय हो । प्रधानमन्त्री बन्ने मान्छेको सोमत मेयर हुँदाको जस्तै भयो भने देशलाई गाह्रो पर्छ । किनकि काठमाडौं महानगर अरू नगरपालिकाहरूले घेरिएको छ । तर नेपाल भारत र चीनले घेरिएको छ । चासो अमेरिकाको पनि छ ।



**गोपी कुमार खनाल**

संघीय शासन प्रणालीमा केन्द्रीय सरकारका सीमाहरू हुन्छन् । जराधर तहमा छिटो नतिजा देखाउन सबैभन्दा प्रभावकारी संयन्त्र भनेका स्थानीय तह खासगरी वडा कार्यालयहरू हुन् । वडाको प्रशासनिक, विद्युतीय र पूर्वाधार क्षमता बढाउँदा सेवा प्रवाहमा उल्लेखनीय रूपान्तरण आउनेछ ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

## अर्घाखाँचीमा 'नयाँ राजनीतिक लहर'
# टोपबहादुरको प्रभाव तोड्दै ३६ वर्षीय भुसाल विजयी

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, २३ फागुन

अर्घाखाँचीको राजनीतिमा लामो समयदेखि कायम प्रभावलाई मतदाताले यसपटक नयाँ मोड दिएका छन् । जिल्लाबाट लगातार चार पटक प्रतिनिधिसभामा पुगेर दुई पटक उपप्रधानमन्त्री बनेका टोपबहादुर रायमाझीको राजनीतिक प्रभावलाई चुनौती दिँदै ३६ वर्षीय युवा नेता हरिप्रसाद भुसाल प्रतिनिधिसभा सदस्यमा निर्वाचित भएका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीका जिल्ला सभापति समेत रहेका भुसालले तीन प्रमुख दलका बलिया उम्मेदवारलाई पराजित गर्दै अर्घाखाँचीको राजनीतिमा नयाँ पुस्ताको उदय गराएका हुन् ।

निर्वाचन परिणामअनुसार भुसालले ३५ हजार २३ मत प्राप्त गर्दै विजय हासिल गरे । उनका निकटतम प्रतिस्पर्धी पीताम्बर भुसाल (नेकपा एमाले) ले २२ हजार ६ सय ४९ मत प्राप्त गरे भने विष्णुप्रसाद खनाल (नेपाली कांग्रेस) ले १८ हजार ९ सय ८३ मत प्राप्त गरे । अन्य प्रतिस्पर्धीमा रामबहादुर चौहान (नेकपा) समेत मैदानमा थिए । भुसालको यो सफलता तेस्रो प्रयासपछि सम्भव भएको हो । २०७४ सालको प्रतिनिधिसभा निर्वाचनमा उनले विवेकशील साझा पार्टी बाट उम्मेदवारी दिएका थिए ।

त्यसपछि स्वतन्त्र राजनीतिक यात्रामा लागेका उनी २०७९ सालको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीबाट उम्मेदवार बने पनि त्यतिबेला उनले करिब ३ हजार २ सय मत मात्र प्राप्त गरेका भुसाल रासपालाई अर्घाखाँचीमा स्थापित गर्न ठुलो मिहिनेत



गरेका नेता हुन् । निर्वाचनमा विजयी भएपछि भुसालले पत्रकारहरूसँग कुरा गर्दै अर्घाखाँचीको विकास र सुशासनलाई पहिलो प्राथमिकता दिँदै शहीदको सपना पूरा गर्ने बताए ।

उनले आफ्नो पहिलो काम जनताले स्पष्ट देख्ने र महसुस गर्नेगरी अर्घाखाँची अस्पताललाई आधुनिक र सुविधासम्पन्न बनाउने, सालझण्डी-ढोरपाटन सडक निर्माण पूरा गर्ने र अर्घा भगवती विमानस्थलको निर्माण प्रक्रिया अघि बढाउने प्रतिबद्धता व्यक्त गरे ।

भुसालले जिल्लामा वर्षौंदेखि रोकिएका विकास निर्माणका कामहरू अघि बढाउने र स्थानीय स्तरमा पारदर्शिता कायम गर्ने प्रतिबद्धता पनि व्यक्त गरेपछि समर्थकहरु खुसी भए । उनले भने, 'जनताको दैनिक जीवनसँग जोडिएका समस्याहरू समाधान गर्नु र सहिदहरूको सपना पूरा गर्नु मेरो पहिलो प्राथमिकता हो ।'

स्थानीय विकासका योजना र जनताको अपेक्षालाई ध्यानमा राख्दै सुशासन कायम गर्दै भ्रष्टाचार नियन्त्रण गर्ने बताए ।

विद्यार्थी जीवनदेखि नै राजनीतिक बहसमा सक्रिय रहेका हरिप्रसाद भुसाल केही समय काठमाडौंमा बसेपछि आफ्नै गृह जिल्ला फर्किएर सन्धिखर्कमा पत्रकारितामा सक्रिय भए । उनी भूमिकास्थान नगरपालिकाको धारापानीमा जन्मिएका व्यक्ति हुन् । पत्रकारिता, मिडिया सञ्चालन, लेखन र व्यवसायमा संलग्न रहँदै उनले अर्घाखाँचीका विकास निर्माण, सुशासन र भ्रष्टाचार नियन्त्रणका विषयमा निरन्तर आवाज उठाउँदै आएका थिए । सामाजिक सञ्जालमार्फत स्थानीय मुद्दा उठाउने र जनतासँगको प्रत्यक्ष सम्पर्कका कारण उनी युवापुस्तामाझ लोकप्रिय बन्दै अहिले सघिय प्रतिनिधि सभाको यात्रा तय गरेका हुन् ।

# सर्लाहीको चार वटै निर्वाचन क्षेत्रमा रास्वपाको दबदबा कायमै

**घनश्याम बलम्पाकी/मध्यान्ह**
फागुन २२ सर्लाही

सर्लाहीको चारवटै निर्वाचन क्षेत्रमा रास्वपाकै दवदवा कायमै रहेको छ । पछिल्लो मत परिणाम अनुसार रास्वपाका उम्मेदवारले फराकिलो मतान्तरले अग्रता कायमै राखेको हो ।

सर्लाही १ मा रास्वपाकी निमिता कार्की (भण्डारी) ले ७ हजार २ सय ३१ मत ल्याउँदा एमालेका मनोज देवकोटाले जम्मा १ हजार २ सय ३१ मत पाएका छन् । त्यसैगरि कांग्रेसका शम्भुलाल श्रेष्ठले ९ सय ७५ र जसपाका रामप्रकाश चौधरीले ८ सय ३०मत पाएका छन्।

सर्लाही २ मा रास्वपाका रविन महतोले ६ हजार ९ सय ९० मत ल्याउँदा नेकपाका महिन्द्र राय यादवले २ हजार ४ सय २६ मत ल्याएका छन् । त्यसैगरी राजेन्द्र महतोले ५ सय ६८, मत पाएका छन् । सर्लाही क्षेत्र नं. ३ मा राष्ट्रिय स्वतन्त्र पार्टीका नरेन्द्र साह (कलवार) को जीत सुनिश्चित भएको छ ।

साहले मतगणना गर्न बाँकी मत भन्दा बढी अग्रता बनाउँदै प्रतिनिधि सभा सदस्यमा











निर्वाचित हुने सुनिश्चित भएको हो । पछिल्लो मतपरिणाम अनुसार साहले ३१ हजार ३ सय ४४ मत प्राप्त गरिसकेका छन् ।

उनका निकटतम प्रतिस्पर्धी पूर्व गृहमन्त्री एवं नेपाली कम्युनिष्ट पार्टीका नारायणकाजी श्रेष्ठले १० हजार ५ सय ४३ मत प्राप्त गरेका छन् । यहाँ तेस्रो स्थानमा रहेका निवर्तमान प्रतिनिधी सभा सदस्य हरिप्रसाद उप्रेतीले ४ हजार ७ सय १७ मत प्राप्त गरेका छन् ।

२०७९ को निर्वाचनमा एमालेका उप्रेतीले तत्कालिन माओवादी केन्द्रबाट उम्मेदवार रहेका नरेन्द्र साह कलवारलाई झिनो मतान्तरले पराजित गरेका थिए । यसअघि झिनो मतान्तरले पराजित भएका साह यो पटक रास्वपामा प्रवेश गरी सानदार मतका साथ बिजयी हुने निश्चित भएको हो । सर्लाही ३ मा रातभरमा मतगणना गरेर सक्ने र बिहान सम्ममा नतिजा घोषणा गर्ने लक्ष्य रहेको निर्वाचन अधिकृत नवराज आचार्यले जनाएको छ ।

# लागूऔषधसहित ८ जना पक्राउ



**काठमाडौं/मस-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थान एरियाबाट अवैध लागूऔषध गाँजा जस्तो देखिने पदार्थ करिब २ किलो ६ सय ७० ग्राम सहित श्रीलंकन नागरिक २२ वर्षीय डिलन आनन्दरजनलाई शनिबार बिहान प्रहरीले पक्राउ गरेको छ । एयर अरेबियाको उडानद्वारा काठमाडौंबाट शारजाहा दुबई प्रस्थान गर्न लागेका उनलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल सुरक्षा कार्यालय र लागूऔषध नियन्त्रण ब्यूरोबाट खटिएको संयुक्त टोलीले जाँच गर्ने क्रममा उनको सुटकेशबाट उक्त पदार्थ फेला पारी पक्राउ गरेको हो ।

यस्तै बर्दिया, बारबर्दिया नगरपालिका-३ पदनाहाबाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ६ सय ६० मिलिग्रामसहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा बारबर्दिया नगरपालिका-३ झुन्डिपुर बस्ने ३४ वर्षीय प्रदिप कुमार थारू र सोही नगरपालिका-४ बस्ने १९ वर्षीय निशान्त थारू रहेका छन् । इलाका प्रहरी कार्यालय बनियाभारबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

यसैगरी बर्दिया, राजापुर नगरपालिका-४ बाट अवैध लागूऔषध ब्राउनसुगर जस्तो देखिने पदार्थ ५ ग्राम २ सय मिलिग्राम सहित ३ जनालाई शुक्रबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने ३२ वर्षीय राम मिलन चौधरी, गेरूवा गाउँपालिका-६ बस्ने २३ वर्षीय असोक श्रेष्ठ र २९ वर्षीय समिर चौधरी रहेका छन् । जिल्ला प्रहरी कार्यालय बर्दियाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त पदार्थ सहित पक्राउ गरेको हो ।

कञ्चनपुर, पुनर्वास नगरपालिका-४ घ गाउँ कार्गिल डाँडाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ८ सय २० मिलिग्राम सहित २ जनालाई शुक्रबार राति प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा सोही ठाउँ बस्ने २२ वर्षीय कृष्ण मिश्रा र २३ वर्षीय सिमान्त गैरे रहेका छन् । इलाका प्रहरी कार्यालय त्रिभुवनबस्ती समेतबाट खटिएको प्रहरीले भारतबाट नेपालतर्फ आउँदै गरेको से.३ प ५८९० नम्बरको स्कुटरमा सवार उनीहरूलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

# इरानले आत्मसमर्पण नगर्ने अडान

**काठमाडौं/एजेन्सी-** मध्यपूर्वमा जारी युद्ध दोस्रो हप्तामा प्रवेश गरिरहेका बेला इरानले इजरायल र संयुक्त राज्य अमेरिकासामु कहिल्यै आत्मसमर्पण नगर्ने स्पष्ट अडान दोहोऱ्याएको छ । इरानका राष्ट्रपति मसुद पेजेस्कियानले राष्ट्रलाई सम्बोधन गर्दै आफ्नो देशले बाह्य दबाबका बीच पनि संघर्ष जारी राख्ने बताए ।

सरकारी टेलिभिजनबाट प्रसारण गरिएको भाषणमा राष्ट्रपति पेजेस्कियानले इरानमाथि आक्रमण गर्ने पक्षहरूले इरानी जनतालाई झुकाउन सकिन्छ भन्ने सोच राख्नु गलत हुने टिप्पणी गरे । उनका अनुसार इरानका शत्रुहरूले 'इरानी जनताले आफ्नो चिहानमै गएर मात्र बिना शर्त आत्मसमर्पण गर्ने इच्छा राख्नुपर्छ' भन्ने कुरा बुझ्नुपर्ने छ ।

फेब्रुअरी २८ मा इजरायल र संयुक्त राज्य अमेरिकाले



इरानविरुद्ध सैन्य आक्रमण सुरु गरेपछि क्षेत्रीय तनाव तीव्र बनेको थियो । सो आक्रमणमा इस्लामिक गणतन्त्रका सर्वोच्च नेता आयातुल्ला अली खामेनी मारिएको बताइएको छ, जसपछि मध्यपूर्वमा व्यापक द्वन्द्व सुरु भएको हो ।

त्यसपछि इरानले प्रतिक्रिया स्वरूप क्षेत्रीय देशहरूमा रहेका इजरायली तथा अमेरिकी हितका लक्ष्यहरूमा मिसाइल र ड्रोन आक्रमण गरेको छ । ती आक्रमणहरू विशेषगरी खाडी क्षेत्रका देशहरूमा केन्द्रित रहेको बताइएको छ ।

खामेनीको हत्यापछि इरानमा अन्तरिम नेतृत्व परिषद् गठन गरिएको छ, जसमा राष्ट्रपति पेजेस्कियानले पनि सदस्यका रूपमा जिम्मेवारी सम्हालिरहेका छन् । उक्त परिषद् तीन सदस्यीय रहेको बताइएको छ । यसैबीच राष्ट्रपति पेजेस्कियानले इरानका कारबाहीबाट प्रभावित छिमेकी देशहरूसँग क्षमायाचना पनि गर्नुभएको छ । भाषणका क्रममा उहाँले आफ्नातर्फबाट तथा इरानको तर्फबाट ती देशहरूसँग माफी मागेको बताए ।

उनले इरानले छिमेकी देशहरूलाई लक्षित गर्ने नीति नअपनाउने स्पष्ट पारे । अन्तरिम नेतृत्व परिषद्ले यसबारे सहमति गरिसकेको भन्दै उनले अब छिमेकी राष्ट्रहरूबाट इरानमाथि आक्रमण नभएसम्म त्यस्ता देशहरूतर्फ कुनै मिसाइल प्रहार नगर्ने निर्णय भएको जानकारी दिए ।

# मध्यपूर्वमा तनाव चर्किँदै, इरानद्वारा इजरायल र अमेरिकी अड्डामा आक्रमणको दाबी



**काठमाडौं/एजेन्सी-** इरानले शनिबार इजरायल तथा मध्यपूर्वमा रहेका अमेरिकी सैन्य अड्डाहरूलाई लक्षित गर्दै ठूलो आक्रमण गरेको दाबी गरेको छ । क्षेत्रीय युद्ध दोस्रो सातामा प्रवेश गर्दा तनाव झन् बढेको छ । इरानी सेनाले जारी गरेको विज्ञप्ति अनुसार इरानी नौसेनाले 'ठूलो लहर' मा आक्रमण गर्दै अमेरिकी सैन्य अड्डा तथा इजरायलका रणनीतिक स्थानहरूलाई निशाना बनाएको हो । यो जानकारी सरकारी समाचार संस्था इरानको आधिकारिक समाचार एजेन्सी मार्फत सार्वजनिक गरिएको थियो । विज्ञप्तिमा संयुक्त अरब इमिरेट्सको अल-मिन्हाद सैन्य अड्डा र कुवेतस्थित अर्को अमेरिकी सैन्य अड्डा लक्ष्य बनाइएको उल्लेख छ । साथै इजरायलको एक रणनीतिक संरचना पनि आक्रमणको निशानामा परेको दाबी गरिएको छ ।

पछि इरानको इस्लामिक क्रान्तिकारी गार्डले पनि संयुक्त अरब इमिरेट्सको अल-धाफ्रा हवाई अड्डामा आक्रमण गरिएको जनाएको छ । अर्धसरकारी समाचार संस्थाका अनुसार उक्त आक्रमणमा अमेरिकी वायुयुद्ध केन्द्र, उपग्रह सञ्चार केन्द्र, प्रारम्भिक चेतावनी रडार तथा फायर नियन्त्रण रडारहरू निशाना बनाइएका थिए । मध्यपूर्वमा अमेरिका र इजरायलले इरानमा हवाई आक्रमण गरेका थिए । उक्त आक्रमणमा इरानका सर्वोच्च नेता आयातोल्लाह अली खामेनेई मारिएका थिए । त्यसयता इरानले इजरायल र क्षेत्रभर रहेका अमेरिकी हितहरूलाई लक्षित गर्दै क्षेप्यास्त्र तथा अन्य आक्रमणहरू गर्दै आएको बताइएको छ ।

# साउदीको इरानलाई चेतावनी

**काठमाडौं/एजेन्सी-** इरानबाट मिसाइल र ड्रोन आक्रमणको प्रयास भएपछि साउदी अरेबियाले तेहरानलाई 'गलत गणना' नगर्न चेतावनी दिएको छ । साउदी रक्षामन्त्री प्रिन्स खालिद बिन सलमानले क्षेत्रीय सुरक्षा र स्थिरतामा जोखिम बढ्ने भन्दै इरानलाई संयमता अपनाउन आग्रह गरे ।

साउदी रक्षा मन्त्रालयका अनुसार पछिल्ला दिनहरूमा राज्यका विभिन्न स्थानलाई लक्षित गरी गरिएको मिसाइल र ड्रोन आक्रमणहरू सफल हुन नदिई अवरोध गरिएको छ । तीमध्ये अमेरिकी सैन्य कर्मचारीहरू रहेको एक हवाई अड्डातर्फ प्रक्षेपण गरिएका क्षेप्यास्त्रहरू पनि समावेश छन् ।

इरानविरुद्ध अमेरिका-इजरायलले सुरु गरेको सैन्य कारबाहीपछि मध्यपूर्वमा क्षेत्रीय युद्धको अवस्था सिर्जना भएको एक हप्तापछि तेहरानले खाडी क्षेत्रभरि आक्रमणको प्रयास



गरिरहेको बताइएको छ ।

विश्वकै प्रमुख तेल निर्यातकर्तामध्ये एक साउदी अरेबियाले यस हप्ताको सुरुआतमा पूर्वी क्षेत्रमा रहेको रास तनुरा रिफाइनरीलाई लक्षित गरी कम्तीमा दुईवटा ड्रोन आक्रमण भएको जानकारी दिएको थियो ।

यसै सन्दर्भमा प्रिन्स खालिदले पाकिस्तानका सेनाप्रमुखसँग भेटवार्ता गरेपछि सामाजिक सञ्जाल एक्समार्फत दुई देशबीचको छलफल सार्वजनिक गरेका छन् । उक्त भेटमा साउदी अरेबियाविरुद्ध भएका इरानी आक्रमणहरू र तिनलाई रोक्न आवश्यक उपायबारे विचार आदान-प्रदान भएको उनले उल्लेख गरे ।

प्रिन्स खालिदका अनुसार छलफलका क्रममा यस्ता आक्रमणहरूले क्षेत्रीय सुरक्षा र स्थिरतालाई कमजोर बनाउने विषयमा जोड दिइएको थियो । साथै इरानी पक्षले विवेकपूर्ण व्यवहार गर्दै सम्भावित गलत आकलनबाट बच्ने अपेक्षा व्यक्त गरिएको उहाँले बताए ।

साउदी रक्षा मन्त्रालयले यसअघि राजधानी रियादको दक्षिणपूर्वमा रहेको प्रिन्स सुल्तान एयर बेसतर्फ प्रक्षेपण गरिएको एक ब्यालेस्टिक मिसाइललाई अवरोध गरी नष्ट गरिएको जनाएको थियो । उक्त जानकारी मन्त्रालयले सामाजिक सञ्जाल एक्समार्फत सार्वजनिक गरेको थियो ।

पछि साउदी प्रेस एजेन्सीले सोही हवाई अड्डातर्फ अर्को क्षेप्यास्त्र प्रहार गरिएको रिपोर्ट गरेको छ । रक्षा मन्त्रालयका प्रवक्तालाई उद्धृत गर्दै उक्त मिसाइल पनि सफलतापूर्वक अवरोध गरिएको बताइएको छ । समाचार एजेन्सीका अनुसार संयुक्त अरब इमिरेट्सको सीमाना नजिकै रहेको शायबाह तेल क्षेत्रलाई लक्षित गरी कम्तीमा १७ वटा ड्रोन आक्रमण गरिएको थियो । ती सबै ड्रोनहरू अवरोध गरी नष्ट गरिएको बताइएको छ ।

यसका अतिरिक्त रियादको पूर्वी क्षेत्रमा लक्षित गरी प्रक्षेपण गरिएका दुईवटा ड्रोन पनि रोकिएको रक्षा मन्त्रालयले जनाएको छ । लगातार भइरहेका यस्ता प्रयासहरूले खाडी क्षेत्रको सुरक्षा अवस्थाबारे थप चिन्ता उत्पन्न गरिरहेको अधिकारीहरूले बताएका छन् ।

मध्यान्ह
www.madhyanhadaily.com
२४ फागुन २०८२ आइतबार
8 March 2026 Sunday

# ओस्कारमा पाका उमेरका अभिनेत्रीहरूको वर्चस्व बढ्दै

## हलिउडमा उमेरवादको अन्त्य कि अपवाद ?



**काठमाडौं/एजेन्सी-** सन् २०२३ मा ६० वर्षको उमेरमा 'एभ्रिथिङ एभ्रिह्वेयर अल एट वन्स'का लागि उत्कृष्ट अभिनेत्रीको ओस्कार अवार्ड जित्दा मिसेल योहले मञ्चबाटै एउटा शक्तिशाली सन्देश दिइन्, 'महिलाहरू, कसैलाई पनि तपाईंको ऊर्जावान समय (प्राइम टाइम) बितिसक्यो भनेर भन्न नदिनुहोस्। कहिल्यै हार नमान्नुहोस् ।' योहको यो भनाइले हलिउडमा लामो समयदेखि जकडिएको महिलाहरूको 'उमेरवाद'विरुद्ध एउटा बलियो धक्का दिएको थियो ।

ऐतिहासिक रूपमा हेर्दा, ओस्कारले सधैं युवा अभिनेत्रीहरूलाई प्राथमिकता दिँदै आएको तथ्यांकले देखाउँछ । ६० वर्षको उमेर नाघेर उत्कृष्ट अभिनेत्रीको विधामा अवार्ड जित्ने अभिनेत्रीहरूको संख्या अहिलेसम्म केवल सात मात्र छ। ८० वर्ष कटेर यो विधामा अवार्ड जित्ने जेसिका ट्यान्डी एक्लो अभिनेत्री हुन् भने क्याथरिन हेपबर्नले ७० वर्षको उमेरमा यो सफलता प्राप्त गरेकी थिइन् ।

बदलिँदो तथ्यांक र पाका अभिनेत्रीहरूको उदय बितेका केही दशकहरूमा ओस्कारको मञ्चमा एउटा सुखद परिवर्तन देखिन थालेको छ । बीबीसीको अनुसन्धान अनुसार, उत्कृष्ट अभिनेत्री विधामा मनोनयन हुने अभिनेत्रीहरूको औसत उमेर निरन्तर बढिरहेको छ । १९४० को दशकमा मनोनयन हुने अभिनेत्रीहरूको औसत उमेर केवल २७ वर्ष थियो भने, १९७० को दशकमा यो बढेर ३७, २००० को दशकमा ४० र सन् २०२० को दशकमा आइपुग्दा औसत उमेर ४७ पुगेको छ ।

पछिल्ला वर्षहरूमा मिसेल योह (६०), फ्रान्सेस म्याकडोरमण्ड (६३), रेनी जेलवेगर (५०) र जेसिका चेस्टेन (४५) जस्ता अभिनेत्रीहरूले ओस्कार जितेका छन् । यसका साथै एनेट बेनिङ (६५), फर्नान्डा टोरेस (५९) र डेमी मूर (६२) जस्ता पाका अभिनेत्रीहरूको मनोनयनले हलिउडमा अभिनेत्रीहरूको करियरको आयु लम्बिएको संकेत गर्दछ ।

**यो परिवर्तन कसरी सम्भव भयो ?**

विशेषज्ञहरूका अनुसार यो परिवर्तनका पछाडि मुख्यतया चारवटा कारणहरू छन् :

१. कलात्मक फिल्महरूको बढ्दो प्रभाव : यूएससी एनेनबर्ग इन्क्लुजन इनिसिएटिभकी संस्थापक डा. स्टेसी एल. स्मिथका अनुसार, हालैका वर्षहरूमा अवार्डको रुचि खिच्ने 'प्रेसटिज' फिल्महरूमा पाका अभिनेत्रीहरूको भूमिका बढेको छ। पहिलेको तुलनामा अहिले फिल्मको कथालाई अगाडि बढाउन युवा अभिनेत्री नै हुनुपर्छ भन्ने पूर्वाग्रह कम हुँदै गएको छ ।

२. दिग्गज अभिनेत्रीहरूका लागि विशेष लेखन : ४० वर्ष माथिका महिला पटकथा लेखकहरूलाई सहयोग गर्ने संस्था 'द राइटर्स ल्याब'की सह-संस्थापक एलिजाबेथ काइडनका अनुसार, मिरिल स्ट्रिप, हेलेन मिरेन र निकोल किडम्यान जस्ता दिग्गज अभिनेत्रीहरूलाई नै केन्द्रमा राखेर अहिले फिल्महरू लेखिन थालेका छन्। उनीहरूको अनुभव र क्षमतालाई लेखक र निर्देशकहरूले अहिले चिन्न थालेका छन् ।

३. महिला निर्देशकहरूको भूमिका : सन् २०२१ यता क्लो झाओ र जेन क्याम्पियन जस्ता महिला निर्देशकहरूले ओस्कार जितेका छन्। महिला निर्देशकहरूले पर्दामा ४० वर्ष नाघेका महिला पात्रहरूलाई बढी स्थान दिने गरेको पाइएको छ। उदाहरणका लागि, क्लो झाओको फिल्म 'नोम्याडल्याण्ड' ६० को दशकमा रहेकी फ्रान्सेस म्याकडोरमण्डको वरिपरि घुमेको थियो ।

४. अन्तर्राष्ट्रिय मतदाताहरूको विविधता : ओस्कारको एकेडेमीमा अहिले अन्तर्राष्ट्रिय मतदाताहरूको संख्या बढेको छ। अमेरिकी समाजमा युवा उमेरलाई बढी प्राथमिकता दिने सोच भए पनि अन्य देशहरूमा पाको उमेर र अनुभवलाई सम्मान गर्ने संस्कृतिले गर्दा पनि विश्व सिनेमाका पाका अभिनेत्रीहरूले स्थान पाउन थालेका छन् ।

**के उमेरवाद साच्चै अन्त्य भएको हो त ?**

यद्यपि, ओस्कारको तथ्याङ्कले आशा देखाए पनि व्यावसायिक हलिउडको वास्तविकता अझै पनि उस्तै छ । सन् २०२५ को एक अध्ययन अनुसार, शीर्ष १०० व्यावसायिक फिल्महरूमा महिला मुख्य पात्रहरूको औसत उमेर ३४ वर्ष मात्र छ, जबकि पुरुषहरूको हकमा यो ४२ वर्ष छ । ६० वर्ष माथिका महिलाहरूले प्रमुख भूमिकाहरूमा केवल २ प्रतिशत मात्र हिस्सा पाउने गरेका छन्, जबकि पुरुषहरूको हकमा यो ८ प्रतिशत छ । अध्ययनका लेखक डा. मार्था लाउजेनका अनुसार ४० वर्ष कटेपछि महिला अभिनेत्रीहरूका लागि भूमिकाहरू ह्वात्तै घट्न थाल्छन् र ६० पुगेपछि उनीहरू लगभग 'अदृश्य' जस्तै हुन्छन् । ओस्कारमा देखिएको यो परिवर्तन एउटा सकारात्मक संकेत भए पनि व्यावसायिक हलिउडमा पाका महिलाहरूका लागि अझै पनि विभेद र चुनौतीहरू बाँकी नै छन् ।

# 'धुरन्धर २'को ट्रेलर हिट, अग्रिम बुकिङ आक्रामक



**काठमाडौं/एजेन्सी-** बलिउडका चर्चित अभिनेता रणवीर सिंह अभिनित प्रतीक्षित चलचित्र 'धुरन्धरः द रिभेन्ज' (धुरन्धर २)को ट्रेलर सार्वजनिक भएसँगै यसले फिल्म बजारमा ठुलो हलचल पैदा गरेको छ । निर्देशक आदित्य धरको निर्देशनमा बनेको यो जासुसी एक्सन थ्रिलरले ट्रेलर सार्वजनिक भएकै दिनदेखि टिकट बुकिङमा नयाँ कीर्तिमान बनाउन सुरु गरेको छ । डरलाग्दो मिसन र बदलाको कथा सार्वजनिक ट्रेलरले रणवीर सिंहको एक खतरनाक मिसन र बदलाको नयाँ लहरलाई संकेत गरेको छ । चलचित्र 'धुरन्धर'को पहिलो भागको कथा जहाँ समाप्त भएको थियो, यो दोस्रो भाग त्यहीँबाट अगाडि बढ्नेछ । विशेषगरी पहिलो भागका पात्र रेहमान डकैत (अक्षय खन्ना)को मृत्युपछिको अवस्थालाई ट्रेलरमा देखाइएको छ, जसले कथालाई अझ अन्धकार र खतरनाक मोडतर्फ लैजाने संकेत गर्दछ ।

यस चलचित्रमा रणवीर सिंहले जसकिरत सिंह राङ्गी नामक भारतीय गुप्तचर अधिकारीको भूमिका निभाएका छन् । उनले कराँचीको आपराधिक सञ्जाल र राजनीतिक शक्ति संरचनाभित्र छिर्नका लागि हमजा अली मजारको भेष धारण गरी एउटा उच्च जोखिमपूर्ण मिसन पूरा गर्ने प्रयास गरेका छन् । भारतमा भएका विनाशकारी आक्रमणहरूको बदला लिन र नयाँ खतराहरूको सामना गर्न उनको यो मिसन व्यक्तिगत प्रतिशोधमा समेत बदलिने स्रोतले उल्लेख गरेको छ ।

चलचित्रमा रणवीर सिंहका साथै बलिउडका दिग्गज कलाकारहरूको अभिनय रहेको छ । यसमा सञ्जय दत्त, आर. माधवन, अर्जुन रामपाल, सारा अर्जुन, राकेश बेदी, दानिश पान्दोर र गौरव गेरालगायतका कलाकारहरू प्रमुख भूमिकामा देखिनेछन् । पहिलो भागका केही सहायक कलाकारहरूले पनि यस सिक्वेलमा आफ्नो भूमिकालाई निरन्तरता दिएका छन् ।


चलचित्रको ट्रेलर सार्वजनिक भएलगत्तै यसको 'पेड प्रिभ्यु'का लागि भएको अग्रिम बुकिङले व्यापार विश्लेषकहरूलाई समेत चकित पारेको छ । चर्चित व्यापार विश्लेषक तरण आदर्श का अनुसार, बुक माई शोमा यो फिल्म ट्रेन्डिङमा रहेको छ र यसको टिकट प्रतिघण्टा ७ हजार ५ सयका दरले बिक्री भइरहेको छ ।

निर्माण पक्ष जियो स्टुडियोज र बी६२ स्टुडियोज फिल्मले पेड प्रिभ्युबाटै ऐतिहासिक कलेक्सन गर्नेमा विश्वस्त देखिएका छन् । मार्च १८ तारिख बेलुकी ५ बजेदेखि नै फिल्मका विशेष शोहरू सुरु हुनेछन् ।

यो फिल्मको छायांकन पहिलो भागसँगै 'ब्याक-टु-ब्याक' गरिएको थियो । सन् २०२४ को जुलाईदेखि बैंककबाट सुरु भएको छायांकन पञ्जाब, चण्डीगढ, महाराष्ट्र, लद्दाख र हिमाचल प्रदेशका विभिन्न स्थानहरूमा गरिएको थियो । फिल्मको केही अन्तर्राष्ट्रिय दृश्यहरू थाइल्याण्डमा खिचिएको छ, जसलाई कथामा पाकिस्तानको सेटिङका रूपमा प्रयोग गरिएको छ ।

फिल्मको प्राविधिक टोलीमा संगीतकार शाश्वत सचदेव, सिनेमेटोग्राफर विकाश नौलखा र सम्पादक शिवकुमार वी. पानिकर रहेका छन् ।

रिलिज मिति 'धुरन्धरः द रिभेन्ज' आगामी मार्च १९, २०२६ मा विश्वभरका सिनेमाघरहरूमा प्रदर्शन हुँदैछ । यो फिल्म गुढी पाडवा, उगादी र ईद जस्ता प्रमुख चाडपर्वहरूको अवसर पारेर रिलिज गर्न लागिएको हो । फिल्म हिन्दीका साथै विभिन्न दक्षिण भारतीय भाषाहरूमा पनि प्रदर्शन हुनेछ, जसले गर्दा यसले देशभर व्यापक पहुँच राख्ने अपेक्षा गरिएको छ ।



# ८ रात लगाएर खिचियो 'किङ'को मुख्य एक्सन दृश्य

**काठमाडौं/एजेन्सी-** बलिउडका सुपरस्टार शाहरुख खान र उनकी छोरी सुहाना खानले आफ्नो आगामी फिल्म 'किङ'को एउटा विशेष एक्सन सेटको छायांकन सम्पन्न गरेका छन् । विजयदशमीको मेला र विसर्जनको भव्य पृष्ठभूमिमा खिचिएको यो एक्सन दृश्यका लागि निर्माण टोलीले लगातार ८ रात मिहिनेत गरेको थियो। रिपोर्टका अनुसार यो दृश्यलाई परम्परागत विजयदशमीको जुलुसको झल्को दिने गरी तयार गरिएको छ, जसमा बाजागाजा, रङ र मेलाको उत्साहलाई देखाइएको छ । यस दृश्यका लागि सयौंको संख्यामा सहायक कलाकारहरू (ब्याकग्राउन्ड पर्फर्मर) सहभागी भएका थिए ।

यस फिल्ममा सुहाना खान निकै चुनौतीपूर्ण भूमिकामा देखिँदैछिन् । यो एक्सन अनुक्रमका लागि सुहानाले धेरै कठिन स्टन्टहरू आफैंले गरेको बताइएको छ, जुन उनको भूमिकाका लागि शारीरिक रूपमा निकै चुनौतीपूर्ण थियो । ओटीटी फिल्म 'द आर्चिज'बाट अभिनय यात्रा सुरु गरेकी सुहानाको यो ठुलो पर्दामा (सिनेमा हल) पहिलो फिल्म हुनेछ ।

'पठान' जस्तो ब्लकबस्टर फिल्म निर्देशन गरेका सिद्धार्थ आनन्दले यस फिल्मको निर्देशन सम्हालिरहेका छन् । सुरुमा सुजोय घोष निर्देशकका रूपमा जोडिए पनि पछि सिद्धार्थ आनन्दले यो जिम्मेवारी लिएका हुन् । फिल्ममा शाहरुख र सुहानाका साथै रानी मुखर्जी, दीपिका पादुकोण, अभिषेक बच्चन र अर्शद वारसी जस्ता चर्चित कलाकारहरूको अभिनय रहनेछ ।

फिल्म 'किङ' सन् २०२६ को क्रिसमसमा विश्वभरका सिनेमा हलहरूमा प्रदर्शन गर्ने लक्ष्य राखिएको छ ।

# बेलायती र्‍यापर डेभको भव्य पुनरागमन



**काठमाडौं/एजेन्सी-** ब्रिटिश सांगीतिक क्षेत्रका चम्किला तारा डेभले चार वर्षपछि आफ्नो गृहनगर लन्डनमा एक भव्य र अविस्मरणीय प्रस्तुति दिएका छन् । लन्डनको प्रसिद्ध ओ२ एरिनामा शुक्रबार राति आयोजित कन्सर्टमा उनले आफ्नो सांगीतिक करियरको १०औं वर्षको उत्सव मनाए। उनलाई सुन्न र हेर्न ओ२ एरिना पूर्ण रूपमा भरिएको थियो, जहाँ उनका प्रशंसकहरूले उनका हरेक शब्द र लयमा साथ दिएका थिए । र्‍यापर मात्र होइन, बहुआयामिक कलाकार मञ्चमा डेभले पियानोदेखि गितारसम्म सहजै बजाएर आफूलाई केवल 'र्‍यापर'को घेराभित्र मात्र सीमित राख्न नसकिने प्रमाणित गरे । हालै मात्र ब्रिट अवाड्र्समा 'हिप हप/ग्राइम/र्‍याप एक्ट' विधामा विजेता बनेका २७ वर्षीय यी कलाकारले आफ्नो प्रस्तुतिमा नयाँ र पुराना गीतहरूको उत्कृष्ट मिश्रण पस्किएका थिए । उनले हालै बेलायती एल्बम चार्टको शीर्ष स्थानमा पुग्न सफल आफ्नो तेस्रो एल्बम 'द बोय हु प्लेड द हारप'का गीतहरूलाई विशेष प्राथमिकता दिएका थिए । युवा शक्ति र सकारात्मकताको सन्देश कन्सर्टको क्रममा डेभले आफ्ना प्रशंसकहरूसँगको भावनात्मक सम्बन्धलाई पनि जोड दिए। उनले १० वर्षदेखिको आफ्नो सांगीतिक यात्रामा साथ दिने प्रशंसकहरूलाई धन्यवाद दिँदै 'म घर फर्किएको छु' भनेर सम्बोधन गरेका थिए । उनले युवा दर्शकहरूलाई लक्षित गर्दै भने, 'तपाईंहरू शक्तिशाली हुनुहुन्छ, तपाईंहरू नै भविष्य हो ।' विश्व अहिले कठिन परिस्थितिबाट गुज्रिरहेको उल्लेख गर्दै उनले युवाहरूलाई सकारात्मक रहन र आफ्नो भविष्यप्रति आशावादी हुन आग्रह गरे । प्रविधि र आत्मीयताको संगम २० हजार क्षमताको ओ२ एरिनामा आयोजित भए तापनि कन्सर्टलाई निकै आत्मीय बनाइएको थियो । रंगशालाको सट्टा एरिना रोज्नुको कारण दर्शकहरूसँग नजिक हुन पाउनु नै रहेको देखिन्थ्यो । कन्सर्टको अर्को आकर्षक पक्ष भनेको ठुला स्क्रिनहरूमा देखाइएका होलोग्रामहरू थिए । स्टोमजी र टेम्सजस्ता चर्चित कलाकारहरू भौतिक रूपमा उपस्थित नभए पनि होलोग्राममार्फत उनीहरूलाई डेभसँगै मञ्चमा देखिएको थियो, जसले दर्शकहरूलाई एक विशेष अनुभव प्रदान गर्‍यो ।

लोकप्रिय गीतहरू र समापन कन्सर्टमा डेभले 'लोकेसन', 'भरडान्स्क' र 'सिस्टम' जस्ता आफ्ना चर्चित गीतहरू गाएका थिए ।

मध्यान्ह
www.madhyanhadaily.com



# जलवायु संकटको छायामा हिउँदे ओलम्पिक



**काठमाडौं/एजेन्सी-** हिउँले ढाकिएका सेता चुचुराहरू र मनमोहक पहाडी दृश्यहरूका बीच खेलिने हिउँदे ओलम्पिक अहिले इतिहासकै कठिन मोडमा उभिएको छ। सन् २०२६ मा इटालीको मिलान-कोर्टिनामा आयोजना हुन लागेको २५औं संस्करणको यो खेलले सन् १९५६ पछिको ७० वर्षमा जलवायु परिवर्तनले पारेको गहिरो प्रभावलाई उजागर गर्दैछ।

हिउँको अभाव र बढ्दो तापक्रमको चुनौती ७० वर्षअघि १९५६ मा जब कोर्टिनाले पहिलो पटक ओलम्पिक आयोजना गरेको थियो, तब सबै खेलहरू बाहिर भएका थिए र त्यहाँ कृत्रिम हिउँको कुनै आवश्यकता थिएन। तर आज स्थिति बदलिएको छ। बढ्दो विश्वव्यापी तापक्रमका कारण हिउँको मात्रा घट्दै गएको छ र स्की रिसोर्टहरू धमाधम बन्द भइरहेका छन्।

बेलायती पूर्व स्की खेलाडी चेमी अल्काँटका अनुसार अबको १०० वर्षपछि यो खेल अस्तित्वमा नरहन सक्छ। उनले आफ्नो अनुभव सुनाउँदै भनिन् कि २५ वर्षपछि जब उनी फ्रान्सको 'भाले ब्लान्च' हिमनदीमा फर्किइन्, त्यहाँको हिउँको सतह १०० मिटरले घटिसकेको थियो।

**कृत्रिम हिउँ : समाधान कि अर्को समस्या ?**

प्राकृतिक हिउँको अभाव पूर्ति गर्न अहिले ओलम्पिक आयोजकहरू कृत्रिम हिउँमा पूर्ण रूपमा निर्भर हुन थालेका छन्। सन् २०२२ को बेइजिङ ओलम्पिक लगभग १०० प्रतिशत कृत्रिम हिउँमा सञ्चालन गरिएको थियो। सन् २०२६ को मिलान-कोर्टिना ओलम्पिकका लागि पनि २४ लाख घनमिटर कृत्रिम हिउँ बनाउने योजना छ, जसका लागि ९ लाख ४८ हजार घनमिटर पानी आवश्यक पर्नेछ। यो मात्रा ३७९ वटा ओलम्पिक साइजका पौडी खेल्ने पोखरी बराबर हो।

तर कृत्रिम हिउँ बनाउने प्रक्रिया वातावरणीय रूपमा महँगो छ। भूगर्भविद् मारियो तोज्जीका अनुसार, युरोपका सबै स्की रिसोर्टहरूमा कृत्रिम हिउँ बनाउन लाग्ने ऊर्जा १ लाख ३० हजार परिवारले एक वर्षमा खपत गर्ने ऊर्जा बराबर हुन्छ।

खेलाडीहरूको चिन्ता र भविष्यको पुस्ता अन्तर्राष्ट्रिय खेलाडीहरू अहिले प्रशिक्षणका लागि ठाउँ खोज्न संघर्ष गरिरहेका छन्। ब्रिटिश स्नोबोर्डर शार्लोट ब्यांक्सले युरोपका हिमनदीहरू संकटमा रहेका कारण अब प्रशिक्षणका लागि दक्षिणी गोलार्ध (अर्जेन्टिना जस्ता देश) जानुपर्ने बाध्यता रहेको बताएकी छन्। अर्की खेलाडी केटी ओर्मेरोडलाई डर छ कि उनका छोराछोरीले भविष्यमा पहाडमा प्राकृतिक हिउँ देख्न पाउने छैनन्।

तथ्यांकका अनुसार, २० औं शताब्दीको मध्यदेखि हिउँदे ओलम्पिक आयोजना हुने सहरहरूको औसत अधिकतम तापक्रम ०.४ डिग्री सेल्सियसबाट बढेर ६.३ डिग्री सेल्सियस पुगिसकेको छ।

**के छ त समाधानको बाटो ?**

अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले अब आयोजक राष्ट्र छनोट गर्दा ' जलवायु विश्वसनीयता'लाई प्राथमिकता दिन थालेको छ। अनुसन्धानकर्ता ड्यानियल स्कटको अध्ययन अनुसार यदि पेरिस जलवायु सम्झौताका लक्ष्यहरू पूरा भएनन् भने सन् २०८० सम्ममा ओलम्पिक आयोजना गर्न योग्य सहरहरूको संख्या ३० मा झर्न सक्छ।

भविष्य सुरक्षित गर्न विज्ञहरूले केही उपायहरू सुझाएका छन्। सबैभन्दा सुरक्षित १०-१२ वटा स्थानहरूमा मात्र पालैपालो खेल आयोजना गर्ने, खेलको समय तालिका परिवर्तन गर्ने (फेब्रुअरीको सट्टा अलि चाँडो गर्ने), स्थानीय समुदाय र वातावरणलाई कम असर पर्ने गरी पूर्वाधार निर्माण गर्ने। हिउँदे ओलम्पिकको भविष्य अब केवल खेलमा मात्र सीमित छैन, यो पृथ्वीको जलवायु जोगाउने हाम्रो साझा प्रयासमा निर्भर छ।

# एसियाली खेलकुदको प्रवर्धन गर्न 'एसियन गेम्स फन रन'






**काठमाडौं/मस-** २०औं एसियाली खेलकुदको प्रवर्धनका लागि 'एसियन गेम्स फन रन' हुने भएको छ। नेपाल ओलम्पिक कमिटी (एनओसी)ले ओलम्पिक काउन्सिल अफ एसिया (ओसीए)को कार्यक्रमअन्तर्गत 'फन रन' गर्न लागेको हो।

एनओसीले यो दौड सफलतापूर्वक सञ्चालन गर्नका लागि रामकृष्ण श्रेष्ठ बोसंयोजकत्वमा पाँच सदस्यीय एसियन गेम फन रन आयोजक समितिको गठन गरेको छ। संयोजक श्रेष्ठ बोसले एसियन गेम्सअघि एसियाको यस शीर्ष खेलकुद प्रतियोगितामा सहभागी हुने प्राय राष्ट्रले फन रन गर्ने परम्परा रहिआएको बताए। उनले भने, 'हामीले पनि ओलम्पिकको भावनाअनुरुप हुने यस परम्परालाई कायम राख्न विगत तीन वर्षदेखि एसियाली खेलकुदअघि फन रनको आयोजना गर्दै आएका छौं। यसअघि, एनओसीले सन् २०१८ मा भएको जाकार्ता-पालेमबाङ एसियाड र पछिल्लो ह्वाङजाउ एसियाडको प्रचारप्रसारस्वरुप फन रनको आयोजना गरेको थियो।'

फन रन फागुन ३० गते शनिबार बिहान साढे ७ बजे आयोजना गरिनेछ। एनओसी भवनको प्राङ्गणमा एक कार्यक्रमबिच सुरु हुने फन रन पाटन दरबार स्क्वायरमा पुगेर समापन हुनेछ। संयोजक श्रेष्ठ बोसले करीब तीन किलोमिटरको सो फन रन दुरीमा सहभागीहरुले पाटनका सम्पदा क्षेत्रको अवलोकन पनि गर्ने बताए। सो फन रनमा खेलाडी, विद्यार्थी, सञ्चारकर्मी, ओलम्पियन, खेल संघ-संस्था, कुटनीतिक व्यक्तित्व, सुरक्षा फौजका प्रतिनिधि गरी करिब एक हजाको सहभागता रहने अपेक्षा गरेको संयोजक बोसले बताए। सो फन रनमा आइची नागोया एसियन गेम्सको आयोजक कमिटका प्रतिनिधिहरू, ओलम्पिक काउन्सिल अफ एसियाका प्रतिनिधिहरुका साथै नेपालका लागि जापानी राजदूतको पनि सहभागिता रहने जानकारी संयोजक श्रेष्ठ बोसले दिएका छन्।

आगामी एसियाड जापानको नागोया शहरलाई दिइएको छ। प्रत्येक चार वर्षमा हुने एसियाड यसपालि आगाम सेप्टेम्बर १९ देखि अक्टोबर ४ तारिखसम्म हुँदैछ। २०औं एसियाली खेलकुदमा सहभागिताका लागि एनओसीले ३२ खेलको दर्ता गरिसकेको छ।

# टोटेनहममा किन जम्न सकेनन् फ्र्यांक ?



**काठमाडौं/एजेन्सी-** प्रिमियर लिग क्लब टोटेनहम हटस्परले आफ्ना मुख्य प्रशिक्षक थोमस फ्र्यांकलाई पदमुक्त गरेको छ। मंगलबार राति न्युकासल युनाइटेडसँगको हारपछि क्लबको व्यवस्थापनले फ्र्यांकलाई बर्खास्त गर्ने निर्णय लिएको हो।

क्लबका प्रमुख कार्यकारी अधिकृत विनय वेंकटेशम र खेल निर्देशक जोहान लांगेको सिफारिसमा क्लबको स्वामित्व रहेको लुइस परिवारले बुधबार बिहान यस निर्णयलाई औपचारिकता दिएको थियो। गत जुन महिनामा मात्र नियुक्त भएका फ्र्यांकको टोटेनहम यात्रा मात्र आठ महिनामा टुंगिएको छ।

मैदानभित्रको खराब प्रदर्शन र समर्थकको आक्रोश टोटेनहम पछिल्लो आठ लिग खेलमा जितविहीन छ। प्रिमियर लिग तालिकामा टोली रेलिगेसनको खतरा नजिक पुगेपछि समर्थकहरू व्यवस्थापन र प्रशिक्षकप्रति निकै आक्रोसित बनेका थिए। नोभेम्बरमा फुलहमसँगको पराजयपछि नै उनलाई बर्खास्त गर्ने सुझाव आए पनि त्यतिबेला क्लबले उनलाई विश्वास गरेको थियो। तर जनवरी १७ मा वेस्टह्यामविरुद्धको पराजय र त्यसपछि न्युकासलसँगको हारले फ्र्यांकको बर्खास्ती निश्चित गरिदियो।

खेलाडी अनुशासन र आन्तरिक कलह फ्र्यांकको असफलताको एउटा मुख्य कारण टोलीभित्रको अनुशासनहीनता र खेलाडीहरूसँगको बिग्रँदो सम्बन्ध पनि मानिएको छ। ब्रेन्टफोर्डमा सफल संस्कृति निर्माण गरेका फ्र्यांकले टोटेनहममा भने त्यो कायम राख्न सकेनन्।

सुरुवाती दिनमा प्रि-म्याच मिटिङमा ढिलो आउने खेलाडीलाई टोलीबाट बाहिर राखेर उनले आफ्नो कठोरता देखाउन खोजेका थिए। इभ्स बिसौमालाई पनि अनुशासनकै कारण युईएफए सुपर कप खेल्नबाट रोकिएको थियो। तर पछि क्रिस्चियन रोमेरो जस्ता खेलाडीलाई विशेष सहुलियत दिएको भन्दै अन्य खेलाडीहरू असन्तुष्ट बनेका थिए। मिकी भ्यान डर भेन र जेड स्पेन्स जस्ता खेलाडीले खेलपछि फ्र्यांकसँग हात मिलाउन अस्वीकार गर्नुले पनि टोलीभित्रको दरार स्पष्ट पारेको थियो।

रणनीतिक कमजोरी र नेतृत्वको अभाव केही खेलाडीहरूले फ्र्यांकलाई 'निर्णय लिन नसक्ने' प्रशिक्षकका रूपमा हेरेका थिए। पूर्वप्रशिक्षक एन्जे पोस्टेकोग्लुको तुलनामा फ्र्यांकको रणनीति रक्षात्मक र विपक्षीको खेलमा बढी केन्द्रित हुने गरेकोमा टोलीभित्रै संशय थियो।

यस्तै, ह्यारी केन र सन ह्युङ-मिन जस्ता प्रमुख गोलकर्ताहरूको प्रस्थानले कमजोर बनेको टोलीलाई सम्हाल्न फ्र्यांक असमर्थ देखिए। क्लबले कोनर ग्यालाघेर र एन्डी रोबर्टसन जस्ता अनुभवी खेलाडी ल्याउने प्रयास गरे पनि नेतृत्वको अभाव मैदानमा प्रस्टै देखिन्थ्यो।

टोटेनहमले अब तत्कालका लागि अन्तरिम प्रशिक्षक नियुक्त गर्ने वा सिधै स्थायी प्रशिक्षक खोज्ने भन्नेबारे छलफल गरिरहेको छ। हाल सहायक प्रशिक्षक रहेका जन हाइटिङ्गालाई सिजनको अन्त्यसम्मका लागि जिम्मेवारी दिइने सम्भावना छ।

दीर्घकालीन रूपमा भने पूर्वप्रशिक्षक माउरिसियो पोचेटिनोलाई पुनः क्लबमा फर्काउने समर्थकहरूको चाहना छ। यद्यपि, हाल अमेरिकाको मुख्य प्रशिक्षक रहेका पोचेटिनो विश्वकपपछि मात्र उपलब्ध हुन सक्नेछन्। यसबाहेक रोबर्टो डी जर्बी, थोमस टुचेल, कार्लो एन्सेलोटी र जुलियन नागेल्सम्यान जस्ता ठूला नामहरू पनि टोटेनहमको राडारमा रहेका छन्।

मैदानबाहिर क्लब बिक्रीको हल्ला र मैदानभित्रको खराब प्रदर्शनका बीच टोटेनहम अहिले एक कठिन संक्रमणकालबाट गुज्रिरहेको छ।

# रियलको कठिन जित



**काठमाडौं/एजेन्सी-** स्पेनिस ला लिगाअन्तर्गत भएको रोमाञ्चक खेलमा रियल मड्रिडले सेल्टा भिगोलाई २-१ ले पराजित गर्दै महत्वपूर्ण तीन अंक हात पारेको छ। खेलको दोस्रो हाफको इन्जुरी टाइममा फेडरिको भाल्भेर्डेले गरेको निर्णायक गोलले रियललाई कठिन जित दिलाएको हो।

घरेलु मैदानमा भएको खेलमा अन्तिम समयसम्म बराबरीतर्फ अग्रसर देखिएको अवस्थामा भाल्भेर्डेको गोलले रियललाई राहत दिलायो। यो जितसँगै रियल मड्रिडले ला लिगा उपाधिको होडमा आफ्नो सम्भावना बलियो बनाएको छ।

जितसँगै रियलले २७ खेलबाट ६३ अंक पुऱ्याएको छ। शीर्ष स्थानमा रहेको बार्सिलोनाको ६४ अंक रहेको छ, तर बार्सिलोनाले रियलभन्दा एक खेल कम खेलेको छ। यससँगै उपाधि प्रतिस्पर्धा थप रोमाञ्चक बनेको छ।

खेलको सुरुवातबाटै रियल मड्रिड आक्रामक देखिएको थियो। प्रारम्भिक मिनेटमै रियलले गोल गर्ने उत्कृष्ट अवसर पाएको थियो। ट्रेन्ट अलेक्जेन्डर-आर्नोल्डको पासमा भिनिसियस जुनियर अघि बढे पनि उनको प्रहार पोस्टमा लागेर फर्किएको थियो।

तर ११औं मिनेटमा रियलले अग्रता लिन सफल भयो। आर्डा गुलरको पासमा औरेलियन चुआमेनीले शक्तिशाली प्रहार गर्दै टोलीलाई १-० को अग्रता दिलाए। चुआमेनीको प्रहार सेल्टा भिगोका गोलरक्षकका लागि रोक्न असम्भवजस्तै बनेको थियो।

रियलको अग्रता धेरैबेर टिक्न सकेन। २५औं मिनेटमा सेल्टा भिगोले खेल बराबरीमा फर्कायो। विलियोट स्वेडबर्गको पासमा बोर्जा इग्लेसियासले गोल गर्दै खेल १-१ को अवस्थामा ल्याए।

पहिलो हाफको अन्त्यतिर सेल्टाले केही राम्रो अवसर सिर्जना गरेको थियो। तर रियलका गोलकिपर थिबाउट कोर्टुआले उत्कृष्ट बचाउ गर्दै टोलीलाई थप गोल खानबाट जोगाए र पहिलो हाफ १-१ को बराबरीमै सकियो।

दोस्रो हाफमा दुवै टोलीले आक्रामक खेल प्रस्तुत गरे पनि गोल भने निस्कन सकेन। रियलले बल नियन्त्रणमा राख्दै अवसर सिर्जना गर्ने प्रयास गरिरहँदा सेल्टा भिगोले पनि तीव्र प्रतिआक्रमणमार्फत दबाब दिने प्रयास गरेको थियो।

खेलको ८७औं मिनेटमा सेल्टा भिगो जितको नजिक पुगेको थियो। इआगो अस्पासले गरेको प्रहार पोस्टमा लागेर फर्किएपछि रियल ठुलो संकटबाट जोगिएको थियो।

खेल बराबरीमा सकिने संकेत देखिइरहेका बेला इन्जुरी समयको चौथो मिनेटमा रियलले निर्णायक गोल गऱ्यो। फेडरिको भाल्भेर्डेले गरेको प्रहार डिफेन्डर मार्कोस अलोन्सोलाई छोएर गोलपोस्टभित्र छिरेपछि रियलले २-१ को जित सुनिश्चित गऱ्यो।

अन्तिम समयमा आएको यो गोलले रियललाई तीन अंक दिलाउनुका साथै उपाधि दौडमा टोलीलाई बलियो अवस्थामा राखेको छ। अब बाँकी खेलहरूमा प्राप्त नतिजाले ला लिगा उपाधि कसको पोल्टामा पर्ने भन्ने तय गर्नेछ।

आर्थिक
www.madhyanhadaily.com

गो.हु.का.द.नं. ३३/०६९/०७०
२४ फागुन २०८२ आइतबार
8 March 2026 Sunday



**सितलचिनी खेती**
दाङको घोराही उपमहानगरपालिका-१६ स्थित तेरौटेमा किसानले व्यावसायिक रूपमा गरेको सितलचिनी खेती ।
तस्बिरः कुलदीप न्यौपाने/रासस

# पूर्वअर्थमन्त्री वर्षमान पुन विजयी



**काठमाडौं/मस–** रोल्पाबाट पूर्व अर्थमन्त्री वर्षमान पुन प्रतिनिधिसभा सदस्य निर्वाचनमा विजयी हासिल गरेका छन् । प्रतिनिधि सभा सदस्य निर्वाचनमा पुनले २७ हजार ४६० मत प्राप्त गरेर विजयी भएका हुन् ।

पुनले नेपाली कांग्रेसका सुदन कुमार वलीलाई १५ हजार ४५२ मतान्तरले पराजित गरे । वलीले १२ हजार ८ मत प्राप्त गरेका छन् ।

सो क्षेत्रमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का उम्मेदवार बलराम थापा तेस्रो स्थानमा सीमित भए । थापाले १० हजार ८९४ मत प्राप्त गरे । नेकपा एमालेका गोकुल प्रसाद घर्तीले ९ हजार ९३३ मत ल्याए । यसअघि पनि पुन रोल्पाबाट पटकपटक निर्वाचित हुँदै आएका छन् ।

# घरजग्गा कारोबार गर्न लाइसेन्स लिनुपर्ने व्यवस्था स्थगित



**काठमाडौं/मस–** घरजग्गा कारोबार गर्न लाइसेन्स लिनुपर्ने व्यवस्था स्थगित भएको छ । भूमि व्यवस्थापन तथा अभिलेख विभागले फागुन १९ गते एक सूचना जारी गर्दै इजाजतपत्र प्राप्त कम्पनी तथा संस्थामार्फत हुने जग्गासम्बन्धी कारोबार अस्थायी रूपमा स्थगित गरेको हो ।

सोअनुसार इजाजतपत्र प्राप्त कम्पनी वा संस्थामार्फत गरिने जग्गा खरिद-बिक्री, लिखत दर्ता, नामसारी लगायतका कारोबार हाललाई स्थगित गरिएको छ । विभागले सम्बन्धित सबै मालपोत कार्यालय, नापी कार्यालय, इजाजतपत्र प्राप्त कम्पनी तथा सेवाग्राहीलाई सो निर्णयको पालना गर्न अनुरोध गरेको हो ।

मालपोत ऐन, २०३४ को अनुसार घरजग्गा कारोबार गर्न इजाजत लिनु पर्ने व्यवस्था बमोजिम गत असोजमा राजपत्रमा प्रकाशित सूचना अनुसार महानगरपालिका र उपमहानगरपालिका क्षेत्रभित्र प्राकृतिक र कानुनी व्यक्ति वा कानुनी व्यक्तिहरूबीच घरजग्गा सम्बन्धी कारोबार गर्न इजाजत लिनुपर्ने व्यवस्था गरिएको थियो ।

सो व्यवस्था बमोजिम विभागले निवेदन दिन सूचना प्रकाशन पनि गरेको थियो । उक्त व्यवस्था फागुन २५ गतेबाट लागू हुने भनिएको थियो ।

तर, मालपोत नियमावली, २०३६ (आठौं संशोधन २०८२) ले इजाजत प्राप्त व्यक्तिले भू-सेवा केन्द्र सञ्चालन गरी भू-सूचना प्रणालीको माध्यमबाट घरजग्गा सम्बन्धी कारोबार गर्नुपर्ने कानुनी व्यवस्था भएकोले इजाजत पत्र प्राप्त व्यक्तिले भू-सेवा केन्द्र सञ्चालनको अनुमति नलिएसम्म यसअघि गरिएको परिपत्रको व्यवस्था अर्को आदेश नभएसम्म स्थगित गरिएको सूचनामा उल्लेख छ ।

### राष्ट्र बैंक प्रतिवेदन

# सन् २०२६ मा विश्वमा ३ दशमलव ३ प्रतिशत आर्थिक वृद्धि हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ फागुन

बढ्दो भू-राजनीतिक तनाव र व्यापारिक द्वन्द्वका बाबजुद विश्व अर्थतन्त्र लचिलो देखिएको राष्ट्र बैंकको वृहत् आर्थिक प्रतिवेदनमा उल्लेख छ । अन्तर्राष्ट्रिय मुद्रा कोषले सन् २०२६ का लागि विश्वको आर्थिक वृद्धिदर ३.३ प्रतिशत रहने प्रक्षेपण गरेको थियो । 'जनवरी २०२६ इकोनोमिक आउटलुक' अनुसार विश्वभरको मुद्रास्फीति ३.८ प्रतिशतमा स्थिर रहने अनुमान गरिएको छ ।

विश्व अर्थतन्त्र स्थिर रहनुमा आर्टिफिसियल इन्टेलिजेन्स जस्ता प्रविधिमा बढेको लगानी, खुकुलो मौद्रिक नीति र सुचारु आपूर्ति शृंखलालाई मुख्य कारण मानिएको छ । यद्यपि, संयुक्त राज्य अमेरिकाले आफ्ना प्रमुख व्यापारिक साझेदारहरूमाथि लगाएको आयात शुल्क र त्यसको प्रतिउत्तरमा अन्य देशले चालेका कदमले विश्व व्यापारमा केही जटिलता थपेको छ । तथ्यांकअनुसार अप्रिल



२०२५ मा विश्व आर्थिक नीति अनिश्चितता सूचकांक १४२ प्रतिशतले बढेर उच्च विन्दुमा पुगेको थियो, जुन हालका वार्ताहरूपछि केही कम भएको छ ।

आर्थिक गतिविधिलाई चलायमान बनाउन विश्वभरका केन्द्रीय बैंकहरूले नीतिगत दर घटाउन थालेका छन् । जापान बाहेकका अधिकांश विकसित मुलुकहरूले नीतिगत दरमा करिब २५ आधार विन्दुले कटौती गरेका छन् । भारत लगायतका उदीयमान अर्थतन्त्रहरूले पनि आन्तरिक माग बढाउन खुकुलो मौद्रिक नीति अवलम्बन गरेका छन् ।

विश्वको अस्थिर वातावरणका कारण लगानीकर्ताहरू सुरक्षित विकल्पको खोजीमा लाग्दा बहुमूल्य धातु (सुन, चाँदी र प्लाटिनम) को मूल्य आकाशिएको छ । अर्कोतर्फ, कमजोर विश्वव्यापी माग र आपूर्ति शृंखलामा आएको अवरोधका कारण ऊर्जा (कोइला, कच्चा तेल र प्राकृतिक ग्यास) तथा कृषिजन्य वस्तुको मूल्यमा भने गिरावट देखिएको छ ।

दक्षिण एसियाली क्षेत्रको आर्थिक वृद्धिदरमा भने केही सुस्तता आउने प्रक्षेपण गरिएको छ । यस क्षेत्रका अर्थतन्त्रहरू भू-राजनीतिक तनाव र निर्यात बजारमा आउने अवरोधका कारण बढी जोखिममा रहेको विश्व बैंकको सन् २०२५ को प्रतिवेदनले औंल्याएको छ । व्यापार नीतिमा रहेको अनिश्चितताका कारण यस क्षेत्रका केन्द्रीय बैंकहरूले सावधानीपूर्वक खुकुलो मौद्रिक नीतिलाई निरन्तरता दिइरहेका छन् ।

समग्रमा, कूटनीतिक प्रयासहरूले व्यापारिक र भू-राजनीतिक तनाव कम गर्न मद्दत पुऱ्याएकाले विश्व आर्थिक वातावरणमा सुधारका संकेतहरू देखिएका छन् । तथापि, आपूर्ति शृंखलाको संवेदनशीलता र व्यापारिक टकरावका जोखिमहरू अझै कायम रहेकाले सतर्कता अपनाउनुपर्ने देखिन्छ ।

## अन्तर्राष्ट्रिय आर्थिक समाचार

# पिचाईलाई ६९ करोड डलरसम्म पारिश्रमिक

**एजेन्सी–** गुगल र यसको मातृ कम्पनी अल्फाबेटका प्रमुख कार्यकारी अधिकृत सुन्दर पिचाईले नयाँ क्षतिपूर्ति योजनाअन्तर्गत आगामी तीन वर्षमा अधिकतम ६९ करोड २० लाख डलरसम्म पारिश्रमिक प्राप्त गर्न सक्ने भएका छन् । अमेरिकी प्रतिभूति तथा विनिमय आयोग (युएस सेक्युरिटीज एन्ड एक्सचेन्ज कमिसन) मा शुक्रबार सार्वजनिक गरिएको विवरणले यस्तो जानकारी दिएको हो ।

नयाँ योजनाले पिचाईलाई विश्वकै सबैभन्दा धेरै पारिश्रमिक पाउने प्रमुख कार्यकारी अधिकृतमध्ये एक बनाउने अनुमान गरिएको छ । पिचाई सन् २०१५ देखि गुगलका प्रमुख कार्यकारी



अधिकृत रहेका छन् । भने सन् २०१९ देखि अल्फाबेटको नेतृत्व सम्हाल्दै आएका छन् ।

योजनाअनुसार पिचाईको आधारभूत तलबमा भने परिवर्तन गरिएको छैन । उनको तीन वर्षका लागि कुल ६० लाख डलर अर्थात् वार्षिक २० लाख डलरको तलब यथावत् रहनेछ । तर उनले पाउने अधिकांश पारिश्रमिक भने कम्पनीको सेयर र प्रदर्शनसँग जोडिएको प्रोत्साहन योजनामार्फत प्रदान गरिनेछ ।

क्षतिपूर्तिको ठूलो हिस्सा अल्फाबेट कम्पनीको सेयरका रूपमा उपलब्ध गराइनेछ । साथै कम्पनीअन्तर्गत रहेका दुई सहायक कम्पनी–स्वायत्त सवारी साधन विकास गर्ने वायमो र ड्रोनमार्फत सामान ढुवानी सेवा प्रदान गर्ने विङ–का सेयर पनि यस योजनामा समावेश गरिएको छ । एसइसीमा गरिएको फाइलिङअनुसार पिचाईले वायमोबाट करिब १३ करोड डलर र विङबाट करिब चार करोड ५० लाख डलरसम्म प्राप्त गर्न सक्ने सम्भावना देखाइएको छ । तर अन्तिम रकम भने कम्पनीको सेयरको प्रदर्शन तथा अल्फाबेटले सेयरधारकलाई दिने लाभांशको अवस्थामाथि निर्भर रहने बताइएको छ ।

कागजातअनुसार यदि कुनै कारणले पिचाई पदबाट हटाइएमा अझै प्रयोग गर्न बाँकी रहेका सबै स्टक विकल्पहरू उनले गुमाउनु पर्ने व्यवस्था गरिएको छ । कम्पनीले सार्वजनिक गरेको फाइलिङमा पिचाईको नेतृत्वमा कम्पनीले राम्रो प्रगति हासिल गरेको उल्लेख गरिएको छ । कम्पनीका अनुसार उनलाई दिइएको वर्तमान तथा अघिल्ला प्रोत्साहन योजनाले अल्फाबेट र यसका सेयरधारकलाई उल्लेखनीय लाभ पुऱ्याएको छ ।

# रुसी तेल किनिरहने भारतको अडान

**एजेन्सी–** मध्यपूर्वमा चर्किएको युद्धका कारण विश्व ऊर्जा बजारमा अनिश्चितता बढिरहेका बेला भारतले रुसी कच्चा तेल आयात जारी राख्ने स्पष्ट संकेत दिएको छ । भारतीय सरकारले शनिबार जारी गरेको जानकारीअनुसार नयाँदिल्लीले रुसी तेल किन्ने विषयमा कुनै पनि देशको अनुमति आवश्यक नपर्ने अडान राखेको छ ।

इरानविरुद्ध अमेरिका-इजरायलको सैन्य अभियान र त्यसको प्रतिक्रियामा तेहरानले खाडी क्षेत्रमा थालेका आक्रमणका कारण अन्तरष्ट्रिय ऊर्जा र ढुवानी क्षेत्रमा ठूलो असर परेको छ । यसले विश्वव्यापी रूपमा तेलको मूल्य तीव्र रूपमा बढाएको छ र आपूर्ति शृंखलामा अनिश्चितता थपिएको छ ।

यसैबीच अमेरिकाले बिहीबार रुसविरुद्ध लगाइएको आर्थिक प्रतिबन्धमा अस्थायी रूपमा ढिलाइ गर्दै समुद्रमा रोकिएका रुसी तेल भारतलाई बेच्न अनुमति दिएको थियो । उक्त निर्णयले भारतले रुसी तेल खरिद गर्न सक्ने बाटो खुलेको मानिएको थियो । तर भारत सरकारले भने यस्तो छुटमा निर्भर नभएको स्पष्ट पारेको छ । सरकारको प्रेस सूचना ब्युरोले जारी गरेको विज्ञप्तिमा भारतले रुसी तेल खरिदका लागि कुनै पनि देशको अनुमति आवश्यक नपर्ने उल्लेख गरिएको छ । विज्ञप्तिमा भारतले फेब्रुअरी २०२६ मा पनि रुसी तेल आयात गरिरहेको र रुस अझै भारतको सबैभन्दा ठूलो कच्चा तेल आपूर्तिकर्ता रहेको जनाइएको छ ।

यसअघि नयाँदिल्लीले रुसी तेल खरिद रोक्ने प्रतिबद्धता व्यक्त गरेको भन्ने चर्चा सार्वजनिक भएपछि वासिङ्टनले फेब्रुअरीमा भारतीय निर्यातमा लगाइएको २५ प्रतिशत शुल्क फिर्ता लिएको थियो । उक्त कदम अन्तरिम व्यापार सम्झौतासँग जोडिएको थियो ।

तर, उक्त कथित प्रतिबद्धता संयुक्त वक्तव्यमा समावेश गरिएको थिएन । भारत सरकारले पनि रुसी तेल खरिद रोक्ने वाचा गरेको हो वा होइन भन्ने विषयमा स्पष्ट पुष्टि वा अस्वीकार दुवै गरेको छैन । नयाँदिल्लीले आफ्ना ऊर्जा नीतिहरू राष्ट्रिय हितका आधारमा तय हुने बताउँदै आएको छ ।

सरकारले हाल देशसँग कच्चा तेल र पेट्रोलियम उत्पादनको पर्याप्त भण्डार रहेको जनाएको छ । विज्ञप्तिअनुसार भारतसँग करिब २५ करोड ब्यारेल कच्चा तेल र पेट्रोलियम पदार्थको भण्डार रहेको छ, जसले अल्पकालीन आपूर्ति अवरोधहरू सामना गर्न सहयोग पुऱ्याउने बताइएको छ ।

यद्यपि विश्व बजारमा मूल्य बढ्दै जाँदा भारतमा केही ऊर्जा उत्पादनको मूल्यमा असर देखिन थालेको छ । शनिबार सरकारले घरेलु प्रयोगका लागि प्रयोग हुने लिक्विफाइड पेट्रोलियम ग्यास (एलपिजी) सिलिन्डरको मूल्य सात प्रतिशतले बढाएको घोषणा गरेको छ ।

विश्व बजारमा कच्चा तेलको मूल्य तीव्र रूपमा बढिरहेको छ । शुक्रबार मात्र तेलको मूल्य ८.५ प्रतिशतले बढेको थियो । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले इरानले 'बिना शर्त आत्मसमर्पण' गरे मात्रै मध्यपूर्व युद्ध अन्त्य हुन सक्ने बताएका कारण बजारमा थप तनाव बढेको र हप्ताभरमा तेलको मूल्य करिब ३० प्रतिशतले उकालो लागेको छ ।

यसैबीच भारतले एलपिजी उत्पादन बढाउने प्रयास पनि सुरु गरेको छ । यस हप्ताको सुरुआतमा भारतको पेट्रोलियम मन्त्रालयले देशका रिफाइनरीहरूलाई प्रोपेन र ब्युटेन स्ट्रिम प्रयोग गरेर उत्पादन बढाउन निर्देशन दिएको थियो ।

डाटा इन्टेलिजेन्स कम्पनी केप्लरका अनुसार भारत विश्वको दोस्रो ठूलो एलपिजी खरिदकर्ता हो । भारतले प्रयोग गर्ने एलपिजीको ९० प्रतिशतभन्दा बढी आपूर्ति मध्यपूर्वबाट आयात हुने भएकाले त्यहाँको तनावले भारतीय ऊर्जा बजारमा प्रत्यक्ष प्रभाव पार्ने सम्भावना रहेको बताइएको छ ।

# अमेरिकाको बेरोजगारी दर ४.४ प्रतिशतमा पुग्यो

**एजेन्सी–** अमेरिकामा फेब्रुअरी महिनामा ९२ हजार रोजगारी घटेको सरकारी तथ्यांकले देखाएको छ । अमेरिकी श्रम तथ्यांक ब्यूरोले शुक्रबार सार्वजनिक गरेको प्रतिवेदन अनुसार अघिल्लो महिनाको तुलनामा गैर-कृषि क्षेत्रको रोजगारी उल्लेखनीय रूपमा घटेको हो ।

पछिल्ला पाँच महिनामध्ये तीन महिनामा रोजगारी घटेको देखिएको छ, जसले श्रम बजारमा कमजोरी बढ्दै गएको संकेत दिएको छ । रोजगारी घटेसँगै बेरोजगारी दर पनि बढेर ४.४ प्रतिशत पुगेको छ ।

स्वास्थ्य सेवा क्षेत्रमा सबैभन्दा बढी असर परेको छ । एक ठूलो स्वास्थ्य बीमा कम्पनीमा भएको हड्तालका कारण मात्र यस क्षेत्रमा २८ हजार रोजगारी घटेको बताइएको छ । त्यस्तै,




रेस्टुरेन्ट क्षेत्रमा ३० हजार तथा निर्माण क्षेत्रमा ११ हजार रोजगारी कम भएको छ, जसको कारण कडा चिसो मौसम र केही क्षेत्रमा परेको भारी हिमपातलाई मानिएको छ ।

यसैबीच सूचना सेवा क्षेत्रमा कृत्रिम बुद्धिमत्ता (एआई) सम्बन्धी खर्च कटौतीका कारण ११ हजार रोजगारी घटेको छ भने उत्पादन क्षेत्रमा पनि १२ हजार रोजगारी कम भएको छ ।

यद्यपि रोजगारी घटे पनि मजदुरी भने बढेको छ । औसत प्रतिघण्टा तलब मासिक रूपमा शून्य दशमलबब ४ प्रतिशत र वार्षिक रूपमा ३.८ प्रतिशतले वृद्धि भएको छ ।

अर्थशास्त्रीहरूका अनुसार हालको तथ्यांकले श्रम बजार अपेक्षाभन्दा कमजोर देखिएको संकेत गरेको छ । तथापि तत्काल ठूलो आर्थिक मन्दी आउने स्पष्ट संकेत भने नभएको उनीहरूको भनाइ छ ।

यसबीच अमेरिकी केन्द्रीय बैंकले ब्याजदरसम्बन्धी आगामी निर्णय लिनुअघि अर्थतन्त्रको अवस्थालाई नजिकबाट अध्ययन गरिरहेको बताइएको छ । साथै, इरानसँगको सम्भावित द्वन्द्वका कारण विश्व बजारमा तेलको मूल्य बढेमा त्यसले अमेरिकी अर्थतन्त्रलाई थप दबाब दिन सक्ने विश्लेषकहरूको चेतावनी छ ।

**फरार कैदीवन्दीको खोजीमा सहयोग गरौं ।**

- जेन-जी आन्दोलनका क्रममा विभिन्न कारागारबाट फरार भएका कैदीबन्दीको खोजी कार्य भइरहेको छ ।
- फरार कैदीबन्दीको नामावली कारागार व्यवस्थापन विभागले वेवसाइटमा सार्वजनिक गरेको छ ।
- सरकारले फरार कैदीबन्दी खोजी तथा पक्राउ कार्यलाई अभियानकै रूपमा सञ्चालन गरेको छ ।
- फरार कैदीवन्दीको खोजतलास कार्यमा सहयोग पुर्‍याउनु सबै नागरिकको कर्तव्य हो ।
- सरकारले फरार भएका कैदीबन्दीबारे सूचना भए नजिकको सुरक्षा निकायमा उपलब्ध गराई दिन अनुरोध गरेको छ ।

**फरार कैदीबन्दीको खोजीमा सहयोग गरौं, सरकारलाई शान्ति सुरक्षा कायम गर्न सघाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: भगवतीबहाल, नक्साल, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, प्रधानसम्पादक: मदनकुमार श्रेष्ठ सम्पादक: जनक नेपाल